# लेखापरीक्षण प्रतिवेदन
# बागलुङ
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१ | उच्च अदालत | ३ |
| ३.२ | बाग्लुङ्ग जिल्ला अदालत | ३ |
| ३.३ | उच्च सरकारी वकील कार्यालय | ४ |
| ३.४ | जिल्ला सरकारी वकील कार्यालय | ४ |
| ३.५ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ५ |
| ३.६ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ६ |
| ३.७ | घरेलु तथा साना उद्योग विकास समिति | ९ |
| ३.८ | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय | १० |
| ३.९ | जिल्ला कृषि विकास कार्यालय | १२ |
| ३.१० | जिल्ला विकास समिति | १३ |
| ३.११ | जिल्ला जन स्वास्थ्य कार्यालय | १८ |
| ३.१२ | जिल्ला शिक्षा कार्यालय | २१ |
| ३.१३ | जिल्ला तथ्याङ्क कार्यालय | २३ |
| ३.१४ | डिभिजन सडक कार्यालय | २४ |
| ३.१५ | धौलागिरी बहुमुखी क्याम्पस | २८ |
| ३.१६ | धौलागिरी अञ्चल अस्पताल | २९ |
| ३.१८ | धौलागिरी अञ्चल आयुर्वेद औषधालय | ३१ |
| ३.१९ | बुर्तिवाङ नयाँ शहर आयोजना | ३१ |
| ३.२० | सिंचाइ विकास डिभिजन कार्यालय | ३३ |
| ३.२१ | शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय | ३६ |
| ४. | आन्तरिक लेखापरीक्षण | ४० |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ४१ |
| अनुसूची २ : | बेरुजूको स्थिति | ४३ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | ४४ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | ४६ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधनसहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइमात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्थाअनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ:

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम,बजेट र अख्तियारीको सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुनसम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्लास्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षणसम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोलीसम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम २० कार्यालयको विस्तृत र ३२ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण:** यस जिल्ला स्थित ५२ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.५ अरब ६१ करोड ३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

यस वर्ष २२ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा ४०५ र रु.४५ करोड ५४ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म २० कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका २४८ दफा र रु.२५ लाख ४५ हजार मिलान गरी २२ कार्यालयको दफा १५७ र रु.४४ करोड ७५ लाख ९ हजार बेरुजू बाँकी रहेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा कायम गरिएको छ । लेखापरीक्षणको क्रममा रु.२ लाख ३१ हजार र प्रतिक्रियाबाट रु.४१ हजार समेत रु.२ लाख ७२ हजार असुल भएको छ ।

बाँकीबेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.२ करोड ७ लाख ६२ हजार, अनियमित रु.२६ करोड ७९ लाख ५२ हजार र पेश्की रु.१५ करोड ८७ लाख ९५ हजार रहेको छ । यस सम्वन्धी विवरण अनुसूची २ मा उल्लेख छ ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो । प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ । बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ । प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## उच्च अदालत

१. **आन्तरिक नियन्त्रण** : अदालतले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा पुराना मालसामानको मूल्य कायम गरी नराखेको, जिन्सी सामानको लिलाम विक्री नगरेको, सम्भाबित जोखिम पहिचान गरी जोखिमको रजिष्टर खडा गरी नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **मुद्दा फछ्र्यौट** : अदालतले पेश गरेको मुद्दा सम्वन्धी विवरणअनुसार गत वर्षको जिम्मेवारी ४०, यो वर्षको १८३ समेत २२३ मुद्दा रहेकोमा १९३ (८६.५४ प्रतिशत) फछ्र्योट गरी ३० मुद्दा बांकी रहेका छन् ।

## जिल्ला अदालत

१. **आन्तरिक नियन्त्रण** : अदालतले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा मालसामानको मूल्य कायम गरी नराखेको, जिन्सी सामानको लिलाम विक्री नगरेको, सम्भाबित जोखिम पहिचान गरी जोखिमको रजिष्टर खडा गरी नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **मुद्दा फछ्र्यौट** : अदालतले पेश गरेको मुद्दा सम्वन्धी विवरण अनुसार गत वर्षको जिम्मेवारी ८७, यो वर्ष परेको ६०७ समेत ६९४ मुद्दा रहेकोमा ५५२ (७९.५३ प्रतिशत) फछ्र्योट गरी १४२ मुद्दा बांकी रहेका छन् ।

३. **भवन निर्माण** : यस वर्ष कार्यालय भवन निर्माणका लागि एक निर्माण व्यवसायीसंग २०७४।११।१९ मा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७२।११।२० मा खरिद सम्झौता भएको छ । लागत अनुमान रु.१३,०९,२८,७४७।- (मू.अ.कर बाहेक) रहेको निर्माण कार्यको कबोल अंक रु.१०,४१,६१,०६५।- (मू.अ.कर बाहेक) को सम्झौता भएकोमा प्रथम रनिंग बिलबाट रु.१,१४,३७,९५७।- (मू.अ.कर समेत) भुक्तानी भई निर्माण कार्य सन्चालनमा रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा व्यवस्था भए अनुसार निर्माण व्यवसायीलाई पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा निर्माण व्यवसायीको नाममा रु.१,८२,६९,४७९/- पेश्की बाँकी रहेको छ । नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

४. **नगदी रसिद** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा व्यवस्था भए अनुसार कार्यालयले कुनै पनि कार्यको भुक्तानी खर्च लेख्दा बिल भरपाई संलग्न गरी खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । अदालत भवनको नक्शापास दस्तुर वापत नगरपालिकालाई रु.१,७८,७२५।- भुक्तानी गरेकोमा उक्त रकम बुझेको नगदी रसिद संलग्न रहेको देखिएन ।

५. **शीर्षक फरक पारी खर्च** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५(२) अनुसार सम्वन्धित शीर्षकबाट खर्च गर्नुपर्नेमा आषाढको स्थानीय भत्ता रु.१९६८०।- र महंगी भत्ता रु.१०,१६२।- समेत रु.२९,८४२।- तलब शीर्षकबाट खर्च गरेको देखिन्छ ।

६. **प्रोत्साहन भत्ता** : अदालतमा कार्यरत कर्मचारीहरुलाई २०७२ श्रावणदेखि २०७३ आषाढसम्मको प्रोत्साहन भत्ता उच्च अदालतको २०७३।३।२१ को पत्रानुसार विभिन्न महिनामा पाउने प्रतिशतका आधारमा प्रोत्साहन भत्ता अनुमोदन गरे बमोजिम रु.२२,१३,२१३। एकमुष्ट रुपमा भत्ता खर्च लेखेको छ। प्रोत्साहन भत्ताको लागि विभिन्न किसिमका सूचक निर्धारण गरेको छ। तर कार्यान्वयन सहितको प्रोत्साहन भत्ता गणना सम्वन्धी कागजात पेश हुन आएन ।

७. **राजस्व आम्दानी** : राजस्व लेखा निर्देशिका, २०६३ को दफा ६.३.२ मा राजस्व आम्दानी गर्ने कार्यालयले राजश्व आम्दानी दैनिक नगद प्राप्ति खाता राख्नुपर्ने र सो खातामा राजस्व दाखिला गर्ने व्यक्ति/संस्थाको नाम खुलाई राजश्व शीर्षकगत रुपमा आम्दानी रसिदहरुको प्रविष्टी गर्नुपर्ने, दैनिक रुपमा सवै आम्दानी रसिदहरुको प्रविष्टी गरिसके पश्चात् शीर्षकगत जोडजम्मा गरी शीर्षकगत आम्दानीको आधारमा दैनिक रुपमा गोश्वारा भौचर तयार गर्नुपर्ने तथा अघिल्लो दिनसम्मको राजश्व रकम समेत चढाई प्रत्येक दिनको जम्मा रकम समेतको हिसाव तयार गरी राख्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार राजस्व आम्दानी लेखांकन गरी जोडजम्मा गरेको देखिएन ।

८. **राजस्व लगत** : अदातलतले पेश गरेको राजस्वको आर्थिक विवरणमा लगती राजस्व रु.२२८७८६६३/- रहेकोमा रु.१०९४८२९६/- मिन्हा कट्टी गरी रु.११९३०३६७/- लगत कायम गरेको छ । लगत कट्टा मिन्हा सम्वन्धी केही अभिलेख परीक्षण गर्दा लगत नं.६५५ मा २ व्यक्तिको नाममा जनही रु.६५,००,०००।- का दरले रु.१,३०,००,०००।- लगत कायम रहेकोमा पुनरावेदन अदालतको २०७२।१०।२० को फैसलाअनुसार उक्त लगत कट्टा गरेको छ । राजस्व लगत किताबमा एउटै महलको रु.१,३०,००,०००।- लगत कट्टा भएको छ । तर राजस्वको आर्थिक विवरणमा यो वर्ष रु.११९३०३६६/- लगत कट्टा देखाएकोले राजस्वको लगत र मिन्हा यथार्थपरक देखिएन ।

९. **धरौटी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६८(१) अनुसार प्रत्येक कार्यालयले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा अनुसूची-१० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची-११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था रहेकोमा कानूनी व्यवस्था बमोजिम व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राखेको देखिएन ।

## उच्च सरकारी वकिल कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्थापन** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा पुराना मालसामानको मूल्य कायम गरी नराखेको, जिन्सी सामानको लिलाम विक्री गरेको, सम्भाबित जोखिम पहिचान गरी जोखिम रजिष्टर खडा गरी नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ

२. **मुद्दा फछ्र्यौट** : कार्यालयले पेश गरेको बहस पैरवी र प्रतिरक्षा हुने मुद्दा तथा रिट निवेदन सम्वन्धी विवरण अनुसार गत वर्षको जिम्मेवारी २५, यो वर्ष परेको १६४ समेत १८९ मुद्दा रहेकोमा १५८ (८३.६० प्रतिशत) फछ्र्योट गरी ३१ बांकी रहेका छन्

## जिल्ला सरकारी वकिल कार्यालय

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । **कार्यालयको** आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी

सामानको मूल्य खुलाई नराखेको, जिन्सी लिलाम बिक्री नगरेको, जोखिम पहिचान गरी जोखिम रजिष्टर खडा गरी नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **बहस पैरवी** : कार्यालयले पेश गरेको बहस पैरवी र प्रतिरक्षा हुने मुद्दासम्वन्धी विवरण अनुसार गतवर्षसम्म २०२ मुद्दा रहेकोमा यो वर्ष १३५ समेत ३३७ मध्ये २८२(८३.६७ प्रतिशत) फछ्र्यौट भई ५५ बाँकी रहेका छन् ।

३. **पारिश्रमिक कर कट्टी** : आन्तरिक लेखापरीक्षणबाट कायम भएको व्यहोरा एकिन गर्दा एक कर्मचारीको पारिश्रमिक कर रु.३५१९।- दाखिला भएको नदेखिएकोले असुल गर्नुपर्दछ ।

४. **कार्यालय भवन निर्माण** : कार्यालय भवन निर्माणका लागि एक निर्माण व्यवसायीसँग कवुल अंक रु.२११०१३४६।- मा २०७३।९।१४ मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने गरी २०७२।३।१५ मा निर्माण सम्झौता भएको छ । सम्झौताअनुसार यसवर्ष निर्माण व्यवसायीवाट पेश भएको निर्माण विल नापी किताव र प्राविधिक मूल्यांकनको आधारमा प्रथम देखि तेस्रो रनिङ विलअनुसार निर्माण व्यवसायीलाई रु.१४१४६३१४।- भुक्तानी गरेकोमा यस सम्वन्धमा निम्न व्यहोरा देखिएको छ ।

४.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा व्यवस्था भए बमोजिम खरिद सम्झौता बमोजिम खरिद सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यवसायीवाट कारण खुलाई खरिद सम्झौताको म्याद समाप्त हुन कम्तीमा ७ दिन अगावै निवेदन दिनुपर्ने र निवेदन उपर अधिकार प्राप्त अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था रहेकोमा उक्त निर्माण कार्यको म्याद २०७३।९।१४ मा समाप्त भएकोमा लेखापरीक्षण अवधिसम्म म्याद थप भएको देखिएन ।

४.२ उक्त निर्माण कार्यका लागि निर्माण व्यवसायीवाट अग्रिम पेश्की जमानत वापत १ वैंकमा राखेको जमानतको अवधि २०७३।१०।२३ सम्म रहेको र पेश्की रकम रु.८८०८२८।- वाँकी नै रहेको अवस्थामा वैंक जमानतको अवधि थप गरेको देखिएन ।

४.३ कार्यालयवाट भवन निर्माण कार्यको कन्टिन्जेन्सी रकम २०७३ आषाढ मसान्त सम्ममा रु.८३१२४०।- खर्च गरेको छ । निर्माण कार्यका लागि सूचना प्रकाशन, माटो परीक्षण सहित भूकम्पपश्चात डिजाईनमा सामान्य संशोधन गर्न पुन कन्सल्टेन्सी वापत खर्च गर्नुपरेका कारण कन्टीजेन्सी रकम वढ्न गएको कार्यालयको भनाइ रहेको छ ।

## कोष तथा लेखा नियन्त्रक कार्यालय

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी सामान लिलाम बिक्री नगरेको, जोखिम पहिचान गरी जोखिम रजिष्टर खडा गरी नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **आन्तरिक लेखापरीक्षण** : आन्तरिक लेखा परीक्षण कार्यविधि अनुसार प्रत्येक चौमासिक अवधि व्यतित भएको एक महिनाभित्र अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था रहेकोमा चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरेको देखिएन

३. **मोबिलाइजेशन पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार एक निर्माण व्यवसायीलाई मोबिलाईजेशन पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा रु.५५००००। फछ्र्यौट गर्न बाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **आन्तरीक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा पुराना मालसामानको मूल्य कायम गरी नराखेको, जिन्सी सामानको लिलाम विक्री नगरेको, जोखिम पहिचान गरी नराखेको, तालुक कार्यालयबाट निरीक्षण नगरेको, प्रत्येक पदको कार्य विवरण बनाइ लागु नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, भ्रमण अभिलेख खाता नराखेको, मर्मत अभिलेख खाता नराखेको, डोर हाजिरी फाराम नियन्त्रण खाता नराखेको, निर्मित सम्पत्तिको अभिलेख तयार नगरेको, निर्माण कार्य सम्पन्न भै त्रुटि सच्याउने अवधि समाप्त भएपछि प्राविधिकबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको तथा ठेक्का व्यवस्थापन समयमा नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **सम्भाव्यता अध्ययन-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैंयाभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । कतिपय खानेपानी योजना सम्भाव्यता अध्ययन नभई कार्यक्रम स्वीकृत हुने र कार्यक्रम स्वीकृत भई बजेट विनियोजन भै सकेपछि सम्भाव्यता अध्ययन गर्ने गरेको देखिन्छ । सर्वेक्षण र सम्भाव्यता अध्ययनको अभावमा कार्यस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कार्यको परिमाण अनिश्चित हुने, पानीको मुहान पहिचानमा कठिनाई हुन सक्ने हुंदा विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सन्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३. **खरिद कार्यमा प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) तथा नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम ई-बिडिङ्गबाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेकोमा कार्यालयले उक्त प्रावधानको प्रयोग नगरेबाट खरिद कार्यमा प्रतिस्पर्धा हुन नसकी बोलपत्र र सिलवन्दी दरभाउपत्र माग गरेका १० ठेक्का मध्ये अधिकांश ठेक्कामा लागत अनुमानको १ प्रतिशत भन्दा कम रकमको फरकमा खरिद सम्झौता भएको छ ।

४. **खरिद व्यवस्थापन** : कार्यालयले स्वीकृत कार्यक्रम अनुसार आवश्यक पर्ने पाइप र फिटिंग्स सामान खरिद गरेको तर अधिकांश पाइप र फिटिंग्स तेश्रो चौमासिकमा खरिद गरेको देखिन्छ। कार्यालयले एउटै किसिमका सामान पाइपको लागि ७ र फिटिंग्स सामानको ६ दरभाउ र वोलपत्र माग गरी खरिद गरेको छ । स्वीकृत बार्षिक कार्यक्रम अनुसार सवै योजनाका लागि एकै पटक खरिद गर्दा सञ्चालन खर्च न्यून हुने र ठेक्का व्यवस्थापनमा समेत सहज हुने हुंदा बार्षिक खरिद योजना तयार गरी एउटै बोलपत्रका माध्यमबाट खरिद व्यवस्थापन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५. **सम्पन्न कामको परिमाण** : कार्यालयले क्रमागत खानेपानी योजनाका लागि लागत अनुमान स्वीकृत गरी प्रत्येक बर्ष सो लागत अनुमानका आधारमा स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित बजेटको

परिधिमा रही आंशिक लागत अनुमान तयार गरी विभिन्न प्याकेजमा विभाजन गरी उपभोक्ता समिति मार्फत कार्य गराएको छ। तर विभिन्न प्याकेजका काम सम्पन्न भई सकेपछि मूल लागत अनुमानमा उल्लिखित कुन कुन आइटमका के कति परिमाणको काम सम्पन्न भएको छ, सो समेत र हाल सम्मको कामको परिमाण देखिने गरी नापी किताव तयार गरेको देखिएन।

६. **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा साठी लाख सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत गराउन सकिने व्यवस्था रहेको छ। कार्यालयले क्रमागत रूपमा सञ्चालन भएका २ खानेपानी योजनाका लागि यो बर्ष रू.६० लाख भन्दा बढी रकमको व्यवस्था गरी उक्त कार्यक्रमलाई विभिन्न प्याकेजमा खण्डिकरण गरी उपभोक्ता समिति मार्फत कार्य गराएको छ।

७. **बिल भरपाई** : सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७(६)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले गरेको कामको प्राविधिक मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका निर्माण कार्यको बिल भरपाईहरु पेश गरेको नदेखिएकोले कानूनी व्यवस्था अनुसार सम्पूर्ण खर्चको बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात पेश गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

८. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ मा अग्रिम कर कट्टी सम्वन्धी व्यवस्था रहेको छ। कार्यालयले यो बर्ष उपभोक्ता समिति मार्फत विभिन्न निर्माण कार्य गराएको छ। उक्त निर्माण कार्यका लागि सिमेन्ट, छड, बालुवा, गिट्टी जस्ता निर्माण सामग्री प्रयोग भएको तर उपभोक्ता समितिले यसरी खरिद गरेका निर्माण सामाग्रीको विल भरपाई पेश नगरेको र उपभोक्ता समितिले खरिद गरेका निर्माण सामाग्रीमा कर बिजक बमोजिम अग्रिम कर कट्टी समेत गर्ने नगरेकोले कानुनी व्यवस्था बमोजिम भुक्तानीमा कर कट्टी गर्ने व्यवस्थाको कार्यान्वयन भएको देखिएन। तसर्थ भुक्तानीमा अग्रिम कर कट्टी गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनु पर्ने देखिन्छ।

९. **उपभोक्ता समितिको सहभागिता** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३)(क) मा उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा समेतको योगदान गर्नुपर्ने उल्लेख गरेको छ। कार्यालयले यो बर्ष उपभोक्ता समिति मार्फत सञ्चालन गरेका २ निर्माण कार्यमा उपभोक्ता समितिको योगदान देखिदैन। उपभोक्ता समितिको योगदान नराख्दा योजनाको समग्र कार्य सम्पादनमा उपभोक्ता समितिको योगदान न्यून हुन सक्ने हुंदा यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१०. **धरौटी कट्टी नगरेको** : उपभोक्ता समिति र कार्यालय विच भएको सम्झौतामा उपभोक्ता समितिलाई भुक्तानी दिदा ५ प्रतिशत धरौटी कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। तर कार्यालयले उपभोक्ता समतिलाई रनिङ्ग विल अनुसार भुक्तानी दिंदा २ उपभोक्ता समितिको रकम भुक्तानीमा धरौटी कट्टी गरे तापनि केही उपभोक्ता समितिलाई भुक्तानी दिंदा सम्झौतामा उल्लेख भए अनुसार धरौटी कट्टी गरेको देखिएन।

११. **खरिद सम्झौता नगरेको** : सार्वजनिक खरिद ऐन २०६४ को दफा ५२ मा फुटकर खरिद बाहेक अन्य सार्वजनिक खरिद गर्दा खरिद सम्झौता गर्नुपर्ने र उक्त सम्झौतामा खुलाउनुपर्ने कुराहरू उल्लेख गरेको छ। सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद सम्झौताको स्टाण्डर्ड निर्धारण

गरेको छ । तर कार्यालयले यो बर्ष पाइप खरिद र फिटिंग्स सामान खरिद गर्दा कानुनी व्यवस्था बमोजिम ठेक्का सम्झौता नगरी खरिद कानुनमा उल्लेख नभएको पञ्जा कवुलियत गराएको छ । खरिद सम्झौता नगर्दा आपूर्तिकर्ता आफ्नो दायित्वबाट पन्छिन सक्ने र कार्यालय कानुनी उपचारबाट समेत बञ्चित हुन सक्ने हुंदा कानुनी व्यवस्था बमोजिम खरिद सम्झौता गरी कानुनको कार्यान्वयन पक्षमा ध्यान दिनुपर्ने देखिन्छ ।

१२. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची १ अनुसार लागत अनुमान तयार गर्दा वर्क चार्ट, स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था गरी कन्टिन्जेन्सी खर्च हुदै आएको छ । यो वर्ष कार्यालयले रु.५८३४०००।- कन्टिन्जेन्सी खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्च सम्वन्धमा निम्न व्यहोराहरु देखिएका छन् ।

१२.१ कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा अनुसूची १ मा उल्लिखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन । अनुसूची १ मा उल्लिखित वर्क चार्ट, स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायबाट स्पष्ट नीति तय हुनुपर्ने देखिएको छ ।

१२.२ महालेखा नियन्त्रक कार्यालयले २०६७ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार दैनिक भ्रमण भत्ता, इन्धन खर्च, गाडी, मोटरसाइकल, कार्यालय भवन मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता खर्चहरुको लागि छुट्टै बजेट शीर्षकमा बजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट शीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजानिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन ।

१२.३ खर्च विवरण परीक्षण गर्दा पूँजीगत प्रकृतिका सामान समेत खरिद गरेको देखिन्छ । अर्थ मन्त्रालयको २०७०।१।२४ को परिपत्र अनुसार कम्प्युटर, प्रिन्टर, फर्निचर जस्ता पूँजी निर्माण तथा सम्पत्ति खरिद सम्वन्धी शीर्षकमा अर्थ मन्त्रालयको सैद्धान्तिक सहमति लिई खर्च गर्नु पर्नेमा त्यस्तो सहमति लिएको देखिएन ।

१२.४ कन्टिन्जेन्सी खर्चका सम्वन्धमा अर्थ मन्त्रालय वजेट तथा कार्यक्रम महाशाखाको २०७०।१।२४ को कन्टिन्जेन्सी रकम खर्च गर्ने वारेको पत्र अनुसार ५ प्रतिसत कन्टिन्जेन्सी रकम मध्येवाट २ प्रतिसत रकम पूँजि निर्माण तथा सम्पत्ति खरीद सम्वन्धी शीर्षकमा अर्थ मन्त्रालयको सैद्धान्तीक सहमति लिई अनिवार्य रुपमा खर्च गर्ने निर्णय भएकोमा सो अनुसार गरेको देखिएन ।

१३. **मध्यम तथा ठुला आयोजना** : कार्यक्रमबाट मध्यम तथा ठूला आयोजना तर्फ ६ खानेपानी आयोजना खानेपानी तथा सरसफाई उपभोक्ता समिति मार्फत विगत बर्षदेखि संचालन हुदै आएको छ । कार्यालयबाट उपभोक्ता मार्फत संचालित आयोजना मध्ये २ आयोजना विगत २० बर्ष अर्थात २०५२।०५३ देखि सञ्चालन हुदै आएको र एकै आयोजनामा ६६ उप-आयोजना अर्थात स्कीमहरु सञ्चालन हुदै आएको कार्यालयबाट प्राप्त विवरणबाट देखिएको छ । सञ्चालित आयोजना अन्तर्गत सञ्चालित स्कीमहरुमा हालसम्म भएको कूल खर्च उल्लेख भएतापनि आयोजना र अन्तर्गत सञ्चालित स्कीमहरुको एकिकृत निर्माण सम्वन्धी बिल, नापी किताब र सम्पन्न कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखिएन ।

१४. **सहलगानी आयोजना :** सहलगानीमा कार्यक्रम सञ्चालनका लागि कार्यालय र एक उपभोक्ता संस्था बिच २०७३।१।२५ मा नेपाल सरकारको ७० प्रतिशत र उपभोक्ता संस्थाको नगद १० प्रतिशत र जनसहभागिता २० प्रतिशत योगदान रहने गरी सहलगानीमा कार्यक्रम सन्चालन सम्झौता भएको छ । खानेपानी आयोजना निर्माण कार्यका लागि नेपाल सरकारको ७० प्रतिशत र उपभोक्ता संस्थाको नगद १० प्रतिशत योगदान समेतको रु.६,६८,९८,४००।- (मू.अ.कर समेत) को लागत अनुमान रहेको यस योजनाका लागि बोलपत्र माग गरेकोमा एकमात्र बोलपत्रदाताको कबोल अंक रु.६६१८४९९४।- स्वीकृत गरी २०७३।३।१६ मा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७३।३।१६ मा निर्माण सम्झौता भएको छ ।

१५. **मोबिलाइजेशन पेश्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार एक निर्माण व्यावसायीलाई पेश्की दिएको रु.५७०००००।- आर्थिक वर्षको अन्त्यसम्ममा फछ्र्यौट भएको देखिएन ।

१६. **दोश्रो साना शहरी आयोजना :** दोश्रो साना शहरी आयोजना अन्तर्गत एक खानेपानी आयोजना निर्माणको लागि २९ डिसेम्वर २०११ मा एक निर्माण व्यवसायीसंग मू.अ.कर समेत रु.१८,५३,३३,९२९।- मा निर्माण सम्झौता गरेकोमा ट्रान्समिसन पाइप प्रस्तावित ठाउंमा विवादरहित स्थानबाट लैजान मेशनरी सपोर्ट ब्लक, आर.सि.सि.सपोर्ट, पिलर थप गर्नु पर्ने ट्रस्ट ब्लक डिजाइन इष्टिमेटमा नभएको आदि कारणले १८ नयां आइटमको ईन्जिनियरिङ्ग इष्टिमेट अंकमा नै सम्झौता भएको छ । शुरु सम्झौता अंकको १४.०९ प्रतिशतले हुने रु.२,६१,२०,७६०।- को दोश्रो भेरिएशन २०७२।२।२२ मा महानिर्देशकबाट स्वीकृत गरेकोमा २०७२।१२।२२ मा शुरु सम्झौता अंकको १४.९९ प्रतिशतले रु.१६,६१,२९१।- तेस्रो भेरिएशन आदेश जारी गरेको छ । ठेक्काको अवधि १७ अप्रिल २०१५ सम्म रहेकोमा २०७२।१२।२८ मा महानिर्देशकबाट ०७३।१।१ सम्म म्याद थप भएको छ । २०७२।७३ मा आईपिसि २१ र २२ बाट रु.९६,२५,३९९।- भुक्तानी भएको छ ।

१६.१ निर्माण व्यवसायीले तेस्रो म्याद थप समेतको कार्य सम्पन्न गर्नुपर्ने मिति २०७३।१।१ सम्म रहेकोमा म्याद समाप्त भै सकेपछि पनि आईपिसि २२ बाट रु.३९८४३७२।- भुक्तानी गरेको देखिएको छ ।

१६.२ सम्झौताको दफा १६.१ मा निर्माण व्यवसायीले गर्ने कार्यको कार्यगत विवरण पेश गरी प्रोजेक्ट मेनेजरद्वारा स्वीकृत भए बमोजिम कार्य सम्पन्न गर्नु पर्ने व्यवस्था रहेको छ । त्यसै गरी जि.सि.सि. ३९.१ मा प्रत्येक महिनामा निर्माण व्यवसायीले गर्ने कार्यको मासिक विवरण पेश गर्नु पर्ने उल्लेख छ । कार्यालयले प्रोभिजनल इन्डेक्सलाई आधार लिई भुक्तानी गरेकोले वास्तविक वृद्धिका आधारमा मूल्य समायोजन गरेको देखिएन । अतः प्रत्येक महिनामा निर्माण व्यवसायीले गर्ने र गरेका कार्यको मासिक विवरणका आधारमा मूल्य समायोजन गर्नु पर्नेमा ३ महिनाको प्रोभिजनल इन्डेक्सको आधारमा मूल्य समायोजन गरेको रु.१४५२६२८।- फाइनल इन्डेक्स प्राप्त भएपछि हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।

१७. **धरौटी :** एक निर्माण सेवाबाट बोलपत्र दस्तुर वापत बुझाएको राजस्व रकम रु.५०००।- एक बैंकको धरौटी खातामा जम्मा गरेको देखिएकोले उक्त रकम राजस्व खातामा दाखिला हुनुपर्दछ ।

## घरेलु तथा साना उद्योग विकास समिति

१. **आन्तरिक नियन्त्रण :** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । समितिको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा पुराना

मालसामानको मूल्य कायम गरी नराखेको, जिन्सी सामानको लिलाम विक्री नगरेको, जोखिम पहिचान गरी जोखिमको रजिष्टर खडा गरी नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **उद्योग दर्ता र नविकरण** : कार्यालयले पेश गरेको विवरण अनुसार यस कार्यालयमा वाणिज्यतर्फ फर्म दर्ता गत वर्ष २१८४ रहेकोमा यो वर्ष २४६७ रहेको छ भने उद्योगतर्फ गत वर्ष १९९९ उद्योग दर्ता रहेकोमा यो वर्ष २१४९ रहेको देखिन्छ । दर्ता भएका उद्योग र फर्म मध्ये यो वर्ष उद्योगतर्फ ६२ र वाणिज्यतर्फ ९४ फर्ममात्र नविकरण भएको देखिन्छ । यो वर्ष कति उद्योग नविकरण हुनुपर्ने हो सो को स्पष्ट तालिका तयार गरेको नदेखिएकोले कतिपय उद्योग नविकरण नगरी सन्चालन हुन सक्ने हुंदा यसतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

३. **भाडा कर** : आयकर ऐन २०५८ को दफा ८८(१) अनुसार भाडा भुक्तानी गर्दा १० प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले एक गाडी भाडामा लिई रु.१२,०००।- भुक्तानी गर्दा भाडा कर रु.१२००।- कट्टी गरेको देखिएन ।

## जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं.१६

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जोखिम पहिचान गरी जोखिम रजिष्टर खडा गरी नराखेको, प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु नगरेको, बार्षिक खरिद योजना तयार नगरेको, डोर हाजिरी फाराम नियन्त्रण खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **टारबजार कार्यकम** : एक सदरमुकाम बचावट कार्यको लागि रु.१,६८,३७,५९६।- (मू.अ.कर बाहेक) को लागत अनुमान स्वीकृत भई २०७२।०९।२४ मा बोलपत्र आव्हान गरेकोमा ४ बोलपत्र फाराम दर्ता भई मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा विडिंग डकुमेन्टमा उल्लेख भएको कन्स्ट्रक्शन एक्सपेरियन्स इन की एक्टिभिटिजलाई आधार मानी तुलनात्मक तालिकामा पहिलो र दोस्रो घटी कबोल गर्ने बोलपत्रदाताको बोलपत्र अनरेस्पोन्सिभ भनी तेस्रो घटी कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृतिका लागि सिफारिस गरे अनुसार कार्यालयले २०७२।११।१९ मा बोलपत्र स्वीकृत गरेको छ । यसरी बोलपत्र स्वीकृत गर्दा रु.१८,७३,७३६।- बढी व्ययभार हुने देखिन्छ ।

२.१ सदरमुकाम बचावट कार्यको लागि मिति २०७२।१२।१ मा ५ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग रु.१,८८,७५,९९४।- को (मू.अ.कर समेत) सम्झौता भएकोमा यो वर्ष दोस्रो रनिंग बिलसम्म रु.१,५१,४९,४५५।-भुक्तानी भएको देखिएको छ। कार्य सम्पन्न गर्नुपर्ने समयावधि श्रावण मसान्तमा समाप्त भैसकेको तर लेखापरीक्षण अवधिसम्म पनि कार्यसम्पन्न भएको नदेखिएकोले कार्यसम्पन्न गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ

३. **मोबिलाइजेशन पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार एक निर्माण व्यवसायीलाई मोबिलाईजेशन पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा रु.३०००००।- फछ्र्यौट गर्न बाँकी रहेको देखिएको छ ।

४. **गुरुयोजना कार्यान्वयन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९(३) अनुसार आवधिक योजनाको लक्ष्य, नीति र राष्ट्रिय योजना आयोगको मार्गदर्शन समेतलाई ध्यानमा राखी सरकारले

गर्नुपर्ने काम, हासिल गर्नुपर्ने लक्ष्य कार्यक्रम र आर्थिक स्रोत साधनलाई समेत ध्यान दिई सालबसाली गर्नुपर्ने काम, आवधिक योजनाले लक्ष्य गरेका काम, चालु भईरहेका कामलाई समेत दृष्टिगत गरी बजेट निर्धारण गर्नुपर्नेमा डिभिजन अन्तर्गत ५ नदीमा गुरुयोजनको नाममा क्रमागत रुपमा योजना सन्चालन भएतापनि गुरुयोजना बमोजिम भइरहेका काम र भविष्यमा गर्नुपर्ने कार्य समेत खुल्ने गरी गुरुयोजना स्वीकृत भएको छैन साथै गुरुयोजना अन्तर्गत भएको कामको अद्यावधिक अभिलेख समेत तयार गरेको छैन ।

५. **तारजाली वितरण तथा उपयोग** : कार्यालयबाट यस वर्ष आपतकालीन तथा बाढी पहिरो पुनस्थापन कार्य अन्तर्गत आकस्मिक मर्मत सम्भारका लागि जि.आई. तार खरिद गरी रु.१३,५६,०००। खर्च लेखेको छ । कार्यालयबाट खरिद गरिएको १० गेज कमर्सियल जि.आई. तार १६००० के.जी.मध्ये १४३७१.६० के.जी. तारबाट ३×१.५×०.६ मेस साइज (१५×१५) को १०२४ थान तारजाली बुन्न लगाई तयारी तार जाली मध्ये ५२९ थान तारजाली विभिन्न समूह संघ संस्थालाई वितरण गरी आर्थिक वर्षको अन्त्यमा ४८५ थान तारजाली मौज्दात रहेको देखिएको छ । कार्यालयबाट वितरण गरिएका तयारी तारजाली थान ५२९ कार्यालयको कार्यक्षेत्र भित्रका ३ जिल्लामा विभिन्न व्यक्ति, समूह, संघ संस्था तथा सरकारी कार्यालयहरुको सिफारिसमा समेत वितरण गरेकोमा उक्त वितरित तारजालीको उपयोग सम्वन्धमा प्राविधिक रुपमा जाँच, अनुगमन तथा मूल्याङ्कन भएको अभिलेख पेश नभएकोले खरिद गरी वितरण गरिएका तारजालीको सही प्रयोग तथा उपयोग सम्वन्धमा स्पष्ट हुन सकेन ।

६. **उपभोक्ता समितिबाट भएको काम** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार कार्यालयबाट सम्पन्न गर्नुपर्ने काम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था रहेकोमा यो वर्ष २ बजेट उपशीर्षक अन्तर्गत अधिकांश कार्य उपभोक्ता समितिबाट गरेको देखिएको छ । उपभोक्ता समितिहरु नियमानुसार दर्ता भएको नदेखिएको, उपभोक्ता समितिले वार्षिक आय व्यय सहितको लेखापरीक्षण प्रतिवेदन तयार गरेको नदेखिएको, निर्मित कार्यको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्नुपर्नेमा उपरोक्त व्यवस्था अनुरुप गरेको देखिएन ।

६.१ सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९७(६) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले गरेको कामको प्राविधिक मूल्यांकन, बिल, भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका निर्माण कार्यको जि.आई.तार खरिदको मात्र बिल पेश गरेको र अन्य बिल भरपाईहरु पेश गरेको देखिएन ।

७. **सवारीसाधन भाडा** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार खरिद कार्य गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्नेमा कार्यालयले कार्यालयमा सवारी साधन नरहेको भनी २०७२।११।६ मा एक फर्मसंग सम्झौता गरी कार्यालय प्रयोजनका लागि एक सवारी साधन मासिक रु.५५६००।- दरले भाडामा लिई रु.२७८०००।- भुक्तानी गरेकोमा कर बिजक पेश भएको छैन ।

८. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट ,स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप

गर्ने व्यवस्था अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था गरी कन्टिन्जेन्सी खर्च हुदै आएको छ । यो वर्ष यस कार्यालयले रु.३७८९३१४।– कन्टिन्जेन्सी खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्च सम्वन्धमा निम्न व्यहोराहरु देखिएका छन् ।

८.१ कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा अनुसूची १ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन । अनुसूची १ मा उल्लेखित वर्क चार्ट, स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनुपर्ने देखिएको छ ।

८.२ महालेखा नियन्त्रक कार्यालयले २०६७ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार  दैनिक भ्रमण भत्ता, इन्धन खर्च, गाडी, मोटरसाइकल, कार्यालय भवन मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता खर्चहरुको लागि छुट्टै बजेट शिर्षकमा बजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट शीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन ।

८.३ खर्च विवरण परीक्षण गर्दा  पूजीगत प्रकृतिका सामान समेत खरिद गरेको देखिन्छ । अर्थ मन्त्रालयको २०७०।१।२४ को परिपत्र अनुसार कम्प्युटर, प्रिन्टर, फर्निचर जस्ता पूँजी निर्माण तथा सम्पत्ति खरिद सम्वन्धी शीर्षकमा अर्थ मन्त्रालयको सैद्धान्तिक सहमति लिई खर्च गर्नु पर्नेमा त्यस्तो सहमति लिएको देखिएन ।

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण :** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी सामानको मूल्य नखुलाएको, जिन्सी सामानको लिलाम विक्री नगरेको, सम्भाबित जोखिम पहिचान नगरेको, सुशासन नियमावली अनुसार कार्यालयको निरीक्षण नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **तरकारी बिउ वितरण :** कार्यालयले यो वर्ष रु.६,१२,६०८।- मूल्यको विभिन्न तरकारीको विउ खरिद गरी किसानहरुलाई वितरण गरेकोमा वितरण भरपाईको छुट्टै फाईल राखेता पनि सेवा केन्द्रले किसानलाई विउ वितरण गरेको तेरिज वनाई राखेको नदेखिएकोले वितरीत विउको परिमाण यकिन गर्न सकिएन ।

३. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) अनुसार कुनै कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले यो वर्ष लागत अनुमान तयार नगरी, दरभाउपत्र माग नगरी एवं मर्मत अभिलेख (म.ले.प.फा.नं.२) नराखी गाडी मर्मतमा रु.९,५०,०००।- खर्च गरेको देखिन्छ ।

४. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) अनुसार खर्चका विल भरपाई र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेकोमा कार्यालयले तरकारी खेतीका लागि ५० प्रतिशत अनुदानमा ४०० प्लाष्टिक घर निर्माण गरेको भनी एक फर्मलाई रु.१४८९९२२।- भुक्तानी गरेकोमा रु.८५६७०५।- को भरपाई पेश गरेको देखिएन ।

५. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा अनुदानमा विउ खरिदको भुक्तानीमा रु.२५८६४।- कर कट्टी गरेको देखिएन ।

६. **रकम बुझेको भरपाई** : कार्यालयका विभिन्न कार्मचारीलाई फिल्ड भत्ता भुक्तानी गर्दा एक कर्मचारीलाई फिल्ड भत्ता रु.६३००।- र आतेजाते खर्च रु.३०००।- समेत रु.९३००।- तथा भकारो सुधार कार्यक्रममा ५० किसानलाई रु.२६००००।- भुक्तानी गरेकोमा रकम बुझेको भरपाई पेश भएन ।

## जिल्ला विकास समितिको कार्यालय

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । **कार्यालयको** आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा पुराना मालसामानको मूल्य कायम गरी नराखेको, जिन्सी सामानको लिलाम विक्री नगरेको, जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार नगरेको, पदको कार्य विवरण बनाई लागु नगरेको, कार्यक्रम वाइज खर्च खाता नराखेको, भ्रमण अभिलेख खाता नराखेको, खरिद योजना तयार नगरेको, मर्मत अभिलेख खाता नराखेको, निर्मित सम्पत्तिको अभिलेख नराखेको, कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको, भ्रमण प्रतिवेदन संलग्न नरहेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **सामाजिक सुरक्षा कार्यक्रम** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ प्रकरण १२ अनुसार सामाजिक सुरक्षा भत्ता चौमासिक रुपमा पहिलो चौमासिक आश्विन, दोस्रो माघ र तेस्रो चौमासिक जेष्ठमा वितरण गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले कार्यविधिमा भएको व्यवस्था विपरित दोस्रो र तेस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता तेस्रो चौमासिकमा एकैपटक वितरण गरेको, कार्यविधिको प्रकरण १६ मा लगत कट्टा सम्बन्धी व्यवस्था भएकोमा यो वर्ष कुनै पनि व्यक्तिको लगत कट्टा गरेको नदेखिएको, सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको लगतमा स्थायी ठेगाना, नाम थर र जन्ममिति एउटै भएका व्यक्तिहरुको नामावली रहेकोमा सो सम्वन्धमा स्पष्ट गर्नुपर्ने देखिन्छ ।

३. **अनुदान** : आदिबासी जनजाति महासंघलाई रु.२०००००।- अनुदान दिएकोमा प्रशिक्षक भत्ता भुक्तानी गर्दा रु.६,६००।- अग्रिम करकट्टी दाखिला भएको देखिएन ।

३.१ ढाडखोर रामतोला सडक निर्माण उपभोक्ता समितिलाई नापी किताबमा उल्लेख भएभन्दा बढी परिणाम देखाई रु.३०७४९।- बढी भुक्तानी दिएको रकम असुल हुनपर्दछ ।

३.२ केन्द्रीय बजेटको रुपमा रहेको जिल्ला विकास समिति अनुदानको रकम फ्रिज गर्नुपर्नेमा जिल्ला विकास समिति कोषबाट तलब भत्ता खानेगरी नियुक्त २ कर्मचारीलाई सेवा निबृत सुविधा वापत रु.१००००००।- समेत रु.२५०००००।- खर्च लेखी कर्मचारी कल्याण कोषमा ट्रान्स्फर गरेको देखिएको छ

३.३ लक्षित वर्ग (महिला तर्फ) कार्यक्रम अन्तर्गत १५ वटा महिला भवन निर्माणको लागि १४ गाँउ विकास समिति लाई रु.११,५५,०००।- निकासा गरेकोमा विल भरपाई पेश भएको छैन ।

४. **बचत रकम** : जिल्लाका ५९ गाँउ विकास समितिलाई अनुदान दिएकोमा खर्च नभई बाकी रहेको अनुदान रकम ग्वालीचौर र अधिकारीचौर २ गाँउ विकास समितिले फिर्ता गरेको देखिएको छ । बाँकी ५७ गाँउ विकास समितिले फिर्ता गरेको देखिएन ।

५. **आन्तरिक आय** : कार्यालयले आन्तरिक आय तर्फ यो वर्ष रु.२३५७००५।- आम्दानी गरेको छ । यो वर्ष ढुंगा गिटी बालुवा रोडा विक्रीको रु.५००००।- देखि रु.११०००००।- सम्मका बोलपत्र छनौट भएको पाइयो । बोलपत्रदातासंग विभिन्न मितिमा सम्झौता गरेकोमा सम्झौतामा के कति परिमाणमा ढुंगा, गिटी, बालुवा निकाल्न पाउने हो सोको परिमाण उल्लेख गरेको छैन । सम्झौतामा परिमाण उल्लेख नगर्दा अनियमित रुपमा ढुंगा, गिटी, बालुवा निकाल्ने र बिक्री हुन सक्ने हुँदा सम्झौतामा परिमाण उल्लेख गर्नुपर्दछ ।

६. **कोष खाता** : कार्यालयले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार गत वर्षको मौज्दात रु.२४१२३९५९।- मा यो वर्ष रु.६९०६३९४०८।- प्राप्त भएको समेत रु.७१४७६३३६७।- मध्ये खर्च रु.६९८९९४६८०।- देखाई रु.१५७७६११६।- बाँकी देखाएको छ । तर ग ४ कोषको स्रेस्ता परीक्षण गर्दा आम्दानी रु.३३१५५९८८०।- र खर्च रु.३१५८२२७६३।- देखाई रु.१५७७६११६।- बाकी देखाएको छ । एकीकृत आर्थिक विवरण र ग ४ कोष खाताको स्रेस्ताबीच रु.३८३१७१९१६।- फरक देखिएको सम्बन्धमा स्पष्ट गर्नुपर्दछ ।

७. **आन्तरिक आय (पुंजीगत)** : जिल्ला परिषदबाट स्वीकृत कार्यक्रमअनुसार विभिन्न गाँउ विकास समितिलाई रु.७५५०००/- अनुदान उपलब्ध गराएकोमा उक्त अनुदान खर्चको विल भरपाई पेश भएको छैन ।

८. **राजस्व बाँडफाँड (मालपोत)** : यो वर्षको जिल्ला परिषदले विभिन्न कार्यक्रम स्वीकृत गरी बजेट व्यवस्था गरेकोमा स्वीकृत कार्यक्रम बेगर ५ संस्थालाई रु.२९६९८६/- अनुदान खर्च भुक्तानी गरेको छ । त्यस्तै जिल्ला परिषदबाट स्वीकृत विभिन्न खानेपानी योजना र सडक निर्माणको लागि ७ संस्थालाई रु.१७,४०,०००।- रकम निकासा गरेकोमा उक्त कार्यको विल भरपाई पेश हुन सकेन ।

९. **विद्युत रोयल्टी (गत वर्ष)** : विभिन्न ११ गाउं विकास समितिका ११ योजना सन्चालनका लागि रु.२९०००००।- भुक्तानी गरेकोमा खर्चको विवरण र खर्च रकमको अनुगमन मूल्याङ्कन प्रतिवेदन पेश भएको छैन ।

१०. **मर्मत सम्भार कोष** : कार्यालयबाट यस वर्ष ७९ कार्यक्रमको लागि विभिन्न गाँउ विकास समितिलाई रु.३०,६०,०००।-पेश्की उपलब्ध गराएकोमा आर्थिक वर्षको अन्त्यसम्म पेश्की फछ्र्यौट भएको देखिएन ।

१०.१ विभिन्न गाँउ विकास समितिलाई कार्यक्रम सन्चालनका लागि रु.७३,०००।- उपलब्ध गराएकोमा उक्त कार्यको विल भरपाई पेश हुन सकेन ।

१०.२ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(झ)अनुसार जटिल प्रविधिक पक्ष समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने काम बाहेक सामान्यतया श्रम प्रधान प्रविधि अपनाईने आयोजना वा कार्यक्रम उपभोक्ता समिति मार्फत गराउनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका अधिकांश कार्यहरु श्रम प्रधान नभई पूर्ण रुपमा मेशिनरी (एक्जाभेटर) प्रयोग गरेको देखिन्छ ।

११. **पूर्वाधार कार्यक्रम** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) विपरीत छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको जिल्ला भु संरक्षण कार्यालयलाई तारजाली बुनाई र ढुवानी कार्यका लागि कार्यक्रम बेगर रु.३०००००।- भुक्तानी दिएको देखिएको छ ।

१२. **स्थानीय स्तरका सडक पुल** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार म्याद थपको व्यवस्था रहेकोमा एक पुलका निर्माण व्यवसायीसंग २०७२।०६।१९ मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने गरी २०७१।०३।१९ मा संम्झौता भएकोमा भुकम्प र प्रतिकुल अवस्था रहेको उल्लेख गरी पहिलो पटक २०७३।०३।३० र दोस्रो पटक २०७३।०८।३० सम्म र अर्को एक पुलको २०७२।०६।१५ सम्म सम्पन्न गर्नुपर्ने अवधि रहेकोमा २०७३।१०।३० सम्म कार्यालय प्रमुखबाट म्याद थप भएको छ ।

१२.१ एक मोटरेबल पुलका निर्माण व्यवसायीलाई निर्माण कार्यको प्रथम रनिङ विल रकम रु.३२,६०,५३२।- भुक्तानी गरेकोमा कर वीजक पेश भएको नदेखिएकोले उक्त बिजक अनुसार भुक्तानी गरेको मूल्य अभिबृद्धि करको समायोजन पत्र सहित कर बीजक पेश हुनुपर्ने देखिन्छ ।

१२.२ कार्यक्रमबाट एक मोटरेबल पुल निर्माण कार्यका निर्माण व्यवसायीलाई निर्माण कार्यको प्रथम रनिङ विल भुक्तानी गरेकोमा निर्माण कार्यको विल अफ क्वान्टीटीको जनरल आईटममा वीमा बापत लागत अनुमान रु.३,०६,०००।- व्यवस्था गरेकोमा निर्माण व्यवसायीलाई वीमा रकम भुक्तानी गरेकोमा कर बीजक पेश भएको देखिएन ।

१३. **निर्वाचन क्षेत्र विशेष कार्यक्रम** : कार्यालयबाट निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७१ र निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि नियमावली २०५८ मा भएको व्यवस्था अनुसार कार्यकम सन्चालन सम्वन्धमा निम्न व्यहोरा देखिएको छ ।

१३.१ निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमः सञ्चालन कार्यविधि नियमावली, २०७१ मा भएको व्यवस्था अनुसार आयोजना छनौट गर्दा कार्यान्वयन तलिका समेत तयार गरी जिम्मेबारी तोकी कार्यक्रम निर्देशन तथा व्यवस्थापन समितिले जिल्ला विकास समितिको कार्यालयमा चालु अर्थिक वर्षको पहिलो चौमासिक भित्र पेश गरी सक्नुपर्ने व्यवस्था रहेकोमा एक निर्वाचन क्षेत्रमा योजना पेश गरेकोमा मिति उल्लेख गरेको छैन । दुई निर्वाचन क्षेत्रमा २०७२ फागुन महिनामा कार्यक्रम पेश भएको छ साथै पेश भएको योजनाको कार्यान्वयन तालिका उपलब्ध हुन सकेन । सञ्चालन कार्यविधि नियमावलीमा व्यवस्था भए अनुसार रु.७,००,०००।- भन्दा बढी लागत भएका कार्यक्रम छनौट गर्नु पर्नेमा रु.२००,०००।- देखी ५,००,०००।- सम्मका ८ उपकार्यक्रम छनौट गरेको देखिएको छ ।

१३.२ नियमालीको व्यवस्था बमोजिम योजना छनोट गरी कार्यान्वयन तालिका समेत बनाई सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा पहिलो चौमासिक अवधिभित्र कार्यक्रम पेश गर्नुपर्नेमा केही निर्वाचन क्षेत्रको कार्यक्रममा मिति उल्लेख गरेको देखिएन भने केही कार्यक्रम २०७२ माघ महिनामामात्र पेश गरेको देखिएको छ । कार्यविधि नियमावलीमा भएको व्यवस्था अनुसार कार्यक्रम छनौट गर्दा एक आर्थिक वर्षमा वढीमा १२ वटा सम्म कार्यक्रम छनौट गर्न सकिने व्यवस्था रहेकोमा १८ वटा सम्म कार्यक्रम छनौट गरेको छ ।

१३.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर ग्रेडर विटुमिन, डिष्ट्रीव्युटर विटुमिन व्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नसकिने व्यवस्था छ । परीक्षण गरिएका मध्ये उपभोक्ता समितिलाई सम्झौता अनुसार १२ योजनाको निर्माण बिल भुक्तानी गरेकोमा डोजर एक्साभेटर वा निर्माण व्यावसायीको विल संलग्न गरी डिजल खरीद वापत रु.६२५५७०१।- र डोजर एक्साभेटर भाडा वापत रु.९११५६९३।- समेत रु.१५३७१३९४।- भुक्तानी गरेको देखिन्छ ।

१३.४ एक मोटरबाटो निर्माण उपभोक्ता समितिलाई यसवर्ष निर्माण कार्यको रु.१३३८७००।- भुक्तानी गरेकोमा एक निर्माण सेवाको मूल्य अभिवृद्धि कर दर्ता नभएको विलको रु.११,६२,१५०।- भुक्तानी गरेको छ। उपभोक्ता समितिबाट विल पेश गरेको आधारमा एक निर्माण सेवाको विलबाट रु.११,६२,१५०।- भुक्तानी गरेकोमा आयकर ऐन २०५८ अनुसार रु.१,७४,३२२।- करकट्टा गरेको देखिएन ।

१४. **पूर्वाधार क्षेत्रगत कार्यक्रमः** कार्यक्रमबाट स्थानीय यातायात पूर्वाधार सम्बन्धी कार्य सम्पन्न गर्नुपर्नेमा कार्यक्रम वेगर एक गाउ विकास समिति अन्तर्गत पर्ने झोलुंगे पुलको मर्मत कार्य गरेको भनी रु.२४०००।- भुक्तानी गरेको देखिन्छ ।

१४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा व्यवस्था भए अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर ग्रेडर विटुमिन डिष्ट्रीव्युटर विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नसकिने तथा नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समितिले वा लाभग्राही समुदायबाट प्राप्त काम आफैले सम्पन्न गर्नुपर्ने र निर्माण व्यावसायी मार्फत गराउन नपाउने व्यवस्था रहेको छ। परीक्षण गरिएका मध्ये उपभोक्ता समितिलाई सम्झौता अनुसार १५ योजनाको निर्माण बिल भुक्तानी गरेकोमा डोजर एक्साभेटर वा निर्माण व्यावसायीको विल संलग्न गरी डिजल खरिद वापत रु.४४७८०१८/- र डोजर एक्साभेटर वापत रु.६२९८८८३/- समेत रु.१०७७६९०१।- भुक्तानी गरेको देखिन्छ ।

१५. **झोलुंगे पुल क्षेत्रगत कार्यक्रमः** झोलुंगे पुल मर्मतका लागि सामाजिक परिचालक र प्राविधिक सेवा उपलब्ध गराउन सेवा शुल्क बापत एक युथ क्लबलाई रु.१२२६५३।- उपलब्ध गराएकोमा उक्त खर्चका विल भरपाई पेश हुन सकेन ।

१६. **स्थानीय स्वायत्त शासन** : स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत यसवर्ष नागरिक सचेतनाका लागि ७० संस्थालाई रु.९१४६०००।- भुक्तानी गरेकोमा ती संस्थाहरुबाट भएको खर्च विवरण तथा कार्यक्रम संचालन सम्बन्धी अनुगमन प्रगति प्रतिवेदन पेश हुन सकेन ।

१७. **विकेन्द्रित ग्रामीण पूर्वाधार कार्यक्रमः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ अनुसार बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले यो वर्ष एशियाली विकास बैंकको प्रोजेक्ट एडमिनिष्ट्रेशन म्यानुअलमा उल्लेख भएको आधारमा ४ संस्थासंग रु.९७०९०५५/- को कार्य सोझै खरिद गरेको देखिएको छ ।

१७.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ विपरित प्रतिस्पर्धा वेगर यो वर्ष एक संस्थासंग सोझै झोलुंगे पूलको प्राविधिक र सामाजिक कार्यको लागि सम्झौता गरी रु. ९३७७८९।- भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम रु.१४०६६८।- अग्रिम कर कट्टी गरेको देखिएन ।

१७.२ एक सडक निर्माणका लागि एक निर्माण सेवा र कार्यालय विच २०७१।११।२५ भित्र कार्य सम्पन्न गर्ने गरी रु.३,९७,९९,८०३।- (मू.अ.कर समेत) मा २०७०।८।१० मा सम्झौता भई २०७२ मार्ग मसान्तसम्म म्याद थप भएको छ। निर्माण व्यवसायीले सम्झौता बमोजिम कार्य नगरेको भनी ०७३।१।२९ मा रु.३९५११३०।- हर्जाना लगाई ठेक्का अन्त्य गरेको र कालो सूचीमा राख्नका लागि २०७३।३।२ को पत्रबाट सार्वजनिक खरिद अनुगमन कार्यालयलाई अनुरोध गरी निर्माण व्यवसायीले

कार्यसम्पादन जमानत वापत राखेको रकम रु.५१७४०००।- जफत गरी धरौटी खातामा राखेकोमा कार्यालयले हर्जाना लगाएको रु.३९५११३०।- राजस्व खातामा दाखिला गनुपर्ने देखिन्छ । साथै कार्यालयले हर्जाना सम्वन्धी निर्णय गर्दा रु.४६५७८९४।- हर्जाना लगाएकोमा भुक्तानी हुन बाँकी बिलको रु.७०६७६४।- हर्जानाबाट घटाएको छ। तर भुक्तानी हुन बाँकि कामको नापजाँच सहितको बिल संलग्न नरहेकोले उक्त रकम कार्यसम्पादन जमानत जफत गरी राखेको रकमबाट राजस्व दाखिला हुनुपर्ने देखिन्छ।

१७.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र नियमावली २०६४ को नियम १२८ मा खरिदसम्झौताको उल्लंघन गरेमा सार्वजनिक निकायलाई प्राप्त हुने उपचारको व्यवस्था रहेको छ। कार्यालय र एक निर्माण व्यवसायी वीच २०७०।८।१८ मा ०७१।१२।३ भित्र सम्पन्न गर्ने गरी रु.३,९३,९९,४११।- मा निर्माण कार्यको सम्झौता भएकोमा २०७१।१२।२५ मा रु.३४०२४३९।- को भेरिएशन आदेश जारी गरी कूल सम्झौता रु.४२८०१८५०।- कायम भएकोमा २०७२।१।२४ मा २०७२।३।२५ सम्म म्याद थप भएको छ। गत वर्ष दशौं रनिङ विलसम्म रु.३,५३,५१,०००।- भुक्तानी भएकोमा यो वर्ष रनिंग बिलको भुक्तानी भएको देखिदैन भने सम्झौता बमोजिम कार्य नगरेको अवस्थामा पनि कानूनी व्यवस्था बमोजिम ठेक्का तोड्ने वा अन्य कानूनी कारवाही गरेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम कारवाही गरी सम्झौता बमोजिमको अधुरो काम पूरा गर्न लगाउने तथा निजले राखेको कार्यसम्पादन जमानत रु.५१२२०००।- र धरौटी वापत कट्टी गरेको रकम समेत जफत गर्नुपर्ने देखिन्छ।

१७.४ एक निर्माण कार्यको लागि रु.८५३६८१३३।- को लागत अनुमान स्वीकृत भई २०७१।१२।१६ मा बोलपत्र आव्हान गरेकोमा २ बोलपत्र फाराम दर्ता भई मूल्याङ्कन अनुसार एक निर्माण व्यवसायीको कबोल अंक रु.२३७७१३९३।- घटी भएतापनि ई बिड गर्दा सक्कल बिड सेक्युरिटी पेश नगरेको, विडिंग डकुमेन्टमा केही आइटमको बिओक्यू संलग्न नगरेको कारण घटी कबुल गर्ने बोलपत्रदाताको बोलपत्र अनरेस्पोन्सिभ भनी अर्को बोलपत्रदाताको बोलपत्र रेस्पोन्सिभ गर्ने निर्णय गरेको छ। यसरी निर्णय गर्दारु.२३७७१३९३।- बढी व्ययभार पर्न गएको छ।

१७.५ लेखा समितिको २०६९।१।८ को निर्णय अनुसार वी.ओ.क्यू. मा सवारी साधन भाडामा नलिने नीति तय भएको अवस्थामा कार्यालयबाट वी.ओ.क्यू.मा सवारी साधन-१ अपूर्तिका लागि रु.२१,७५,०००।- व्यवस्था गरी सम्झौता गरेको छ। आवश्यकतानुसार सवारी साधन कार्यालयबाट नै खरिद गरी सन्चालन गर्नुपर्नेमा कार्यालयले बि.ओ.क्यूमा राखी सवारी साधन भाडामा लिने सम्झौता गरी रु.८४१०००।- भुक्तानी गर्नु उपरोक्त निर्णय विपरीत देखिएको छ।

१७.६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची (१) को व्यवस्था अनुसार लागत अनुमान तयार गर्दा वर्क चार्ट, स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ। यो वर्ष कार्यालयले रु.२७०७१५२।- कन्टिन्जेन्सी खर्च लेखेको छ। कन्टिन्जेन्सी खर्चका संवन्धमा अर्थ मन्त्रालय वजेट तथा कार्यक्रम महाशाखाको २०७०।१।२४ को कन्टिन्जेन्सी रकम खर्च गर्ने वारेको पत्र अनुसार सार्वजनिक निर्माण शीर्षकमा विनियोजित वजेट खर्च गर्ने सिलसिलामा निर्माण कार्यको लागत गणना गर्दा समावेश गरिने ५ प्रतिसत कन्टिन्जेन्सी वापतको रकम मध्येवाट २ प्रतिसत रकम पूँजि निर्माण तथा सम्पती खरीद सम्वन्धी शिर्षकहरुमा अर्थ मन्त्रालयको सैद्धान्तिक सहमति लिई अनिवार्य रुपमा खर्च गर्ने व्यवस्था भएकोमा कार्यालयले कन्टिजेन्सी खर्च गर्दा अर्थ

मन्त्रालयको परिपत्रलाई ध्यान नदिई भ्रमण खर्च, कार्यालय सम्वन्धी खर्च, विविध खर्च जस्ता शीर्षकमा खर्च गरेको देखिन्छ ।

१७.७ आर्थिक वर्षको अन्त्यसम्म ७ व्यक्ति, फर्मलाई दिएको पेश्की रु.५७११३००।- फछ्र्यौट भएको छैन । नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१८. **फछ्र्यौट स्थिति** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम बमोजिम अन्तिम लेखापरीक्षण हुनु अगावै आन्तरिक लेखा परीक्षण बेरुजु फछ्र्यौट हुनुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणबाट कायम भएका व्यहोरा एकिन गर्दा २६ दफाको रु.४४२५६७।- बेरुजु रहेकोमा लेखापरीक्षण अवधिसम्म फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

१९. **पेश्की** : आर्थिक वर्षको अन्त्यसम्म ३८ व्यक्ति तथा संस्थालाई दिएको पेश्की रु.२०१६४१७७/- फछ्र्यौट हुन बाँकी देखिएको छ । उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२०. **स्थानीय निकाय लेखापरीक्षण** : स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ६९ र १३५ बमोजिम स्थानीय निकायको २०७२।७३ को लेखापरीक्षण सम्वन्धमा निम्नानुसार देखिएको छ ।

२०.१ जिल्लामा ५९ गाउँ विकास समिति रहेकोमा सबै गाउँ विकास समितिको लेखापरीक्षक नियुक्त भईसकेको देखिन्छ । लेखापरीक्षक नियुक्त भएका मध्ये ३६ गाउँ विकास समितिको लेखापरीक्षण प्रतिवेदन प्राप्त भईसकेको छ । गाउँ विकास समितिको लेखापरीक्षण गर्न १८ लेखापरीक्षक नियुक्त गरी २०७३।८।२९ देखि २०७३।११।३० सम्म समय दिएको पाइयो । गाउँ विकास समिति ३६ को कारोबार अंक रु.२२९२३९११०।- को लेखापरीक्षण सम्पन्न भएको छ । गाउँ विकास समितिको लेखापरीक्षक नियुक्त गर्ने मापदण्ड स्वीकृति सम्वन्धी विवरण प्राप्त हुन सकेन ।

२०.२ नगरपालिकाको लेखापरीक्षकबाट आर्थिक कारोबार रु.१६०५१०७०६।- को लेखापरीक्षण सम्पन्न भएको छ । नगरपालिकाको लेखापरीक्षण अंक रु.१६०५१०७०६।- मा पेश्की रु.१४०९२७५४।- र अन्य बेरुजु रु.२१४५८८४।- समेत रु.१६२३८६२९।- बेरुजु कायम गरेको प्रतिवेदन तथा विवरण प्राप्त भएको छ ।

## जिल्ला जन स्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा पूराना मालसामानको मूल्य कायम गरी नराखेको, जिन्सी सामानको लिलाम विक्री नगरेको, जोखिम पहिचान गरी नराखेको, तालुक कार्यालयबाट निरीक्षण नगरेको, प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु नगरेको, दरवन्दी बमोजिमका पदपूर्ति नभएको, वार्षिक खरिद योजना तयार नगरेको, भ्रमण अभिलेख खाता नराखेको, मर्मत अभिलेख खाता नराखेको, तालिम कार्यक्रमको प्रतिवेदन तयार नगरेको, सिलसिलवद्ध रुपमा कागजात नराखेको खरिद एकाई गठन नगरेको तथा मूल्याङ्कन समिति गठन नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **प्राथमिक स्वास्थ्य सेवा** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार तलब, भत्ता लगायत सबै किसिमका आयलाई प्राकृतिक व्यक्तिको वार्षिक आयमा समावेश गरी अनुसूची १ बमोजिम पारिश्रमिक कर कट्टी गर्नुपर्नेमा १५ कर्मचारीको घटी कर कट्टी गरेको देखिएकोले छुट पारिश्रमिक कर रु.८९९१५/- असुल हुनुपर्दछ ।

३. **कार्यक्रम संचालन** : स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रथम चौमासिकमा एड्स तथा यौनरोग सम्वन्धी विभिन्न कार्यक्रम सन्चलान गर्ने गरी कार्यक्रम स्वीकृत भएकोमा प्रथम चौमासिकमा सन्चालन गर्ने कार्यक्रमका लागि दोस्रो चौमासिकको अन्त्यमा आएर पेश्की लिई तेस्रो चौमासिकमा कार्यक्रम सन्चालन गरेको देखिएको छ । सम्वन्धित चौमासिकको लागि स्वीकृत कार्यक्रम तेस्रो चौमासिकमा सन्चालन गर्दा त्यस्ता कार्यक्रमको सान्दर्भिकता र उपादेयता समेत नहुन सक्ने भएकोले स्वीकृत वार्षिक कार्यक्रम अनुसार सन्चालन गर्नुपर्ने देखिन्छ ।

४. **एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम** : कार्यक्रम संचालन सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन् :

४.१ नापी किताब (म.ले.प.फा.नं. १७१) मा उल्लेख हुनुपर्ने ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, काम शुरु भएको, सम्पन्न हुनुपर्ने र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्नेमा परीक्षण गरिएकोमध्ये अधिकांश ठेक्का बिल तथा नापी कितावमा उक्त विवरण पूर्ण रुपमा उल्लेख भएको देखिएन ।

४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ३ निर्माण कार्यको रु.१२२१७१७/- को कानूनी व्यवस्था बमोजिम कार्य स्वीकार प्रतिवेदन पेश भएन ।

४.३ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले अनुसूची ५ र ५(क) वमोजिमको ढाँचामा कर वीजक दिनु पर्ने व्यवस्था रहेको छ । कर विजक पेश नगरेको अवस्थामा समेत २ निर्माण व्यवसायीलाई रु.४५९९८४।- भुक्तानी गर्दा मूल्य अभिबृद्धि कर रु.५२९१८।- भुक्तानी दिएकोले मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने देखिएको छ ।

४.४ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ अनुसार अधिकार प्राप्त अधिकारीले खर्च रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ भने खर्च गर्न सक्ने व्यवस्था रहेको छ । यो वर्ष मेशिनरी औजारको लागि रु.६४८०००।- बजेट व्यवस्था भएकोमा कार्यालयले मैशिनरी औजार खरिद नगरी स्वास्थ्य सम्वन्धी विभिन्न सामानमा खर्च गरी रु.५८५१२५।- भुक्तानी गरेकोले उक्त खर्च अनियमित देखिएको छ ।

५. **क्षयरोग नियन्त्रण कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) अनुसार खर्चका विल भर्पाइ र प्रमाण कागजात सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले कार्यक्रम खर्च रु.६३०००।- भुक्तानी खर्च लेखेकोमा भुक्तानी अवधिभन्दा पछाडि २०७३।३।३० मा सन्चालन भएको कार्यक्रमको बिल भरपाई संलग्न गरेकोले उक्त खर्च यथार्थपरक देखिएन ।

६. **ग्रामिण सामुदायिक कार्यक्रम** : विभिन्न स्वास्थ्य संस्थाको लागि फर्निचर लगायतका सामानहरु खरिद गरी रु.८२९६८३।- खर्च गरेकोमा उक्त सामानहरु कुन कुन स्वास्थ्य संस्थालाई हस्तान्तरण गरेको हो सो सम्वन्धी विवरण पेश भएन साथै आयकर ऐन २०५८ को दफा ८८ अनुसार ढुवानी

भाडा वापत रु.७००००।- खर्च लेखेकोमा भाडाकर रु.७०००।- कट्टी गरेको नदेखिएकोले असुल गर्नुपर्ने देखिन्छ ।

७. **सूचना तथा सन्चार कार्यकम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्चका विल भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ। एक कर्मचारीको कार्यकम खर्च पेश्की फछ्र्यौट गरेको रु.५११०००।- को स्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा यसप्रकार रहेका छन् ।

७.१ विद्यालय स्वास्थ्य शिक्षा शीर्षकमा रु.१,५०,०००।- खर्च गरेको भरपाई पेश भएकोमा कुन कुन विद्यालयमा कुन कुन मितिमा स्वास्थ्य शिक्षा दिएको हो सो सम्वन्धी प्रमाण कागजात पेश भएन ।

८. **एकिकृत जिल्ला स्वास्थ्य कार्यकम** : यस बर्ष विभिन्न कार्यक्रम सञ्चालन गर्नका लागि रु.५,७५,५१,०००।- बजेट व्यवस्था भएकोमा रु.५,३१,६७,७६४।-निकासा तथा खर्च भएको स्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

८.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा व्यवस्था भए अनुसार रु. १० लाख भन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यस बर्ष रु.५७७१०८७- को औषधी खरिद गरेकोमा बोलपत्रद्धारा रु.३९,५६,०३८।-, दरभाउपत्रद्धारा रु.६,४५,८९४।- र रु.११,६९,१५५।- को औषधी सोझै खरिद गरेको देखिएको छ ।

कार्यालयले कार्यालयबाट खरिद गरिएका तथा केन्द्र र क्षेत्रिय स्तरबाट प्राप्त गरेका औषधीहरु सफ्टवेयरको माध्यमबाट प्राप्ती र वितरणको प्रलेख तयार गर्ने गरेको कारण जिन्सी रजिष्टरमा आम्दानी खर्चको दर्ता गर्ने नगरेका कारण औषधीको आम्दानी तथा वितरणको स्थिति यकिन गर्न सकिएन ।

८.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा व्यवस्था भए बमोजिम खर्च गर्दा खर्चका विल भरपाई समेत लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा हात्तीपाइले रोग कार्यक्रमका लागि रु. २,२८,३५०।- खर्च लेखेको मध्ये क्षेत्रिय योजना गोष्ठीमारु.२७७५०।- खर्च गरेको र बाँकी रु. २००६००।- को खर्चको विल भरपाई पेश नभएकोले उक्त खर्चको विल भरपाई पेश गर्नुपर्ने देखिन्छ ।

८.३ प्राथमिक स्वास्थ्य केन्द्र बुर्तिवाङमा पाठेघर खस्ने रोगको शल्यक्रियाबाट उपचार कार्य सञ्चालन गरी पेश्की फछ्र्यौट समेत गरी रु.१२,००,०००।- खर्च लेखेको छ। सञ्चालित शल्यक्रिया शिविरमा ७६ जना महिलाको ३ समूहमा शल्यक्रिया सम्पन्न गरी सेवाग्राही यातायात खर्च रु.७६,०००।- अपरेशन टोली प्रोत्साहन भत्ता रु.५,४१,६००।, औषधी उपकरण खर्च रु.४,९८,६७५।- समेत रु.१२,००,०००।-खर्च लेखेकोमा शल्यक्रिया सन्चालन निर्देशिका अनुसार पाठेघर खस्ने रोगको शल्यक्रियाद्धारा उपचारका लागि प्रतिव्यक्ति खर्च रकम रु. १३०००।- तोकेकोमा यस कार्यक्रमका लागि, प्रतिव्यक्ति खर्च रकम रु. १५७८९।- ले ७६ जनाको तोकेको दर भन्दा रु.२,११,९६४।- बढी खर्च लेखेको देखिन्छ ।

८.४ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा व्यवस्था भए अनुसार खर्च गर्दा खर्चका विल भरपाई समेत संलग्न राखी लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यक्रमबाट यसवर्ष नगर स्वास्थ्य केन्द्र सञ्चालनका लागि नगर स्वास्थ्य अनुदान भनी कार्यालयको २०७३।४।३ को पत्रअनुसार एक नगर स्वास्थ्य केन्द्रलाई रु.१४,२०,०००।- को चेक पठाएकोमा उक्त रकम नगर स्वास्थ्य केन्द्रले बुझिलिएको नगदी रसिद पेश हुन सकेन साथै उक्त रकमको निर्देशिकाले तोके

बमोजिम सम्वन्धित निकायबाट अनुगमन गरी सो को प्रतिवेदन एवं व्यवस्थापन खर्चको विल भरपाई समेत पेश हुन सकेन ।

८.५ सुरक्षित सुत्केरी यातायात खर्च तथा उत्प्रेषण भत्ता वापत १ कर्मचारीले लिएको पेश्की रु.८,३९,०००।- फछ्र्यौट गरेकोमा पेश भएको खर्च विवरणअनुसार आमा सुरक्षा यातायात खर्च रु.७,५५,०००।-र उत्प्रेरणा खर्च रु.५०,०००।- समेत रु.८,०५,०००।- को बिल भरपाई पेश भई रु.३४,०००।- फिर्ता दाखिला गर्नुपर्नेमा रु.३४,०००।- भुक्तानी गरेकोले उक्त रकम असुल गर्नु पर्ने देखिएको छ ।

८.६ कार्यालयबाट २०७२।०७३ मा कार्यालय अन्तर्गतका बर्थिङ सेन्टरहरुमा सुत्केरी हुनेको विवरण अनुसार यस बर्ष १ हजार ७ सय ८३ जना सुत्केरी हुने महिलाको विवरण प्राप्त भएकोले यातायात खर्च प्रति सुत्केरी महिला रु.१०००।- का दरले रु.१७,८३,०००।- मात्र खर्च लेख्नुपर्नेमा रु.१९,०७,०००।- खर्च लेखेको देखिएकोले बढी भुक्तानी रु.१२४०००।- असुल गर्नुपर्ने देखिन्छ ।

८.७ आयकर ऐन २०५८ को दफा ८८ मा व्यवस्था भए अनुसार बार्षिक पारिश्रमिक आयमा ऐनको व्यवस्था अनुसार पारिश्रमिक आयकर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा २ कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा रु.१५८८७६।- घटी कर कट्टा गरेको रकम असुल गर्नुपर्ने देखिन्छ ।

८.८ सार्वजनकि खरिद नियमावली, २०६४ को नियम ७४ मा सरकारी कामको लागि पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । कार्यालयबाट विभिन्न कार्यक्रम सञ्चालन गर्न विभिन्न व्यक्तिहरुलाई पेश्की रकम उपलव्ध गराएकोमा पेश्की रकम फछ्र्यौट गर्दा खर्चका विल भरपाई साथ नगद फिर्ता गर्ने गरेको र उक्त नगद रकम पेश्की फछ्र्यौट गरेको लामो समयपछि बैंक जम्मा गर्ने गरेको देखिएको छ । आर्थिक बर्षको अन्त्य सम्म पनि फिर्ता रकम दाखिला नभएकोले ३ कर्मचारीबाट १० प्रतिशतले लाग्ने सुद रकम रु.१६१३९।- असुल गर्नुपर्ने देखिएको छ ।

९. **धरौटी तर्फ** : कार्यालयले यो वर्ष २ फर्मलाई रु.१११०००।- धरौटी फिर्ता गरेकोमा करचुक्ता प्रमाण पत्र र मूल्य अभिवृद्धि करको समायोजनपत्र वेगर भुक्तानी गरेको देखिएकोले करचुक्ता प्रमाणपत्र र मूल्य अभिबृद्धि कर समायोजन पत्र पेश हुनुपर्ने देखिएको छ ।

१०. **राजस्व** : कार्यालयको अभिलेख अनुसार यो वर्ष रु.५४०००।- राजस्व आम्दानी गरेको छ भने कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित राजस्वको आर्थिक विवरणमा आम्दानी रु.४१२००।- देखिन्छ । त्यसैगरी राजस्वको मास्केवारीमा कुल आम्दानी रु.१०६८१४।- देखिन्छ । उल्लिखित ३ विवरणमा फरक देखिएको राजस्व रु.६५६१४।- सम्वन्धमा स्पष्ट हुनुपर्ने देखिन्छ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा पुराना मालसामानको मूल्य कायम गरी नराखेको, जिन्सी सामानको लिलाम विक्री नगरेको, जोखिम पहिचान गरी नराखेको, तालुक कार्यालयबाट निरीक्षण नगरेको, प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, भ्रमण अभिलेख खाता नराखेको, मर्मत अभिलेख खाता नराखेको तथा विद्यालयको फ्लास रिपोर्ट यथार्थपरक नभएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका विल भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेकोमा कार्यालयले यो वर्ष ७ विद्यालयलाई विद्यालय भवन निर्माण, मेशिनरी उपकरण खरिद, कम्प्युटर ल्याब निर्माण, विज्ञान प्रयोगशाला निर्माण, शौचालय, कम्पाउण्डवाल निर्माण, सोलार जडान कार्यको लागि रु.३४०००००/- निकाशा गरेकोमा बिल भरपाई पेश हुन सकेन ।

३. **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका विल भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सेफ्टीटंकी निर्माण कार्यको एक निर्माण व्यवसायीलाई रु.२३९४६५।- भुक्तानी गरेकोमा कार्यसम्पन्न प्रतिवेदन र कर वीजक रु.२३७५६८।- मात्र रहेकोले रु.१८९६/- बढी भुक्तानी भएको असुल हुनुपर्दछ ।

४. **विशेष शिक्षा परिषद :** विशेष शिक्षा तर्फको स्वीकृत कार्यक्रम बमोजिम ३ विद्यालयलाई शिक्षक र कर्मचारीहरुको तलब भत्ता भनी रु.१७९४०००/- निकासा दिएकोमा सम्वन्धित विद्यालयले कार्यरत शिक्षक र कर्मचारीहरुको नाम नामेसी सहितको निकाशा माग नगरेको अवस्थामा पनि चौमासिक रुपमा निकाशा दिएको देखिन्छ ।

५. **भौतिक पूर्वाधार :** विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका (२०७२।७३) मा बिद्यालय भौतिक निमार्णको इन्जिनियरिङ्ग सुविधा जिल्ला शिक्षा कार्यालयबाट उपलब्ध गराउने, निर्देशिका बमोजिम निर्माण कार्यको प्राविधिक, प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्ष वा निर्माण समितिको अध्यक्षबाट प्रमाणित गराई कार्य सम्पन्न प्रतिवेदन तयार गरी विद्यालय, जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रमा राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले यो वर्ष भौतिक सुविधा विस्तार अर्न्तगत २४७ विद्यालयलाई रु.२०,८०,००,०००।- निकासा दिएकोमा नापी किताब, निर्माण बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेश गरेको छैन ।

६. **विद्यालयको लेखापरीक्षण :** स्वीकृत कार्यक्रम अनुसार ५२६ विद्यालयलाई लेखापरीक्षण, सामाजिक लेखापरीक्षण र विद्यालय सुधार योजनाका लागि एकमुष्ट रु.३८३५०००।- निकाशा गरेकोमा ३१७ विद्यालयले लेखापरीक्षण प्रतिवेदन र ४८२ विद्यालयले विद्यालय सुधार योजना पेश गरेको देखिन्छ ।

७. **बढी निकासा :** विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गगत विद्यार्थी संख्या सत्यापन प्रतिवेदनअनुसार विद्यार्थी संख्याको आधारमा पि.सि.एफ.नन्सेलरी र छात्रवृत्ति निकासा दिने व्यवस्था अनुसार यो वर्ष ५२८ विद्यालयलाई निकासा दिएको छ । विद्यार्थी संख्याको आधिकारिक तथ्यांक विद्यार्थी संख्या सत्यापन प्रतिवेदन रहेको र सोही संख्याका आधारमा निकासा दिनुपर्नेमा कार्यालयले सोभन्दा बढी संख्या देखाई रु.३०५२०३०।- बढी निकासा दिएको देखिएकोले बढी निकासा दिएको रकम असुल हुनुपर्दछ ।

८. **फिडर छात्राबास :** एक माध्यामिक विद्यालयलाई फिडर छात्रावास सन्चालनार्थ छात्रवृत्ति वापत रु.८०००००।- र छात्राबास सन्चालन खर्च रु.२०,००,०००।- समेत रु.२८,००,०००।- निकासा दिएकोमा विद्यालयले फिडर छात्रावासमा वस्ने छात्राहरुको नाम नामेसी सहितको निकासा माग नगरेको अवस्थामा पनि निकासा दिएको छ ।

९. **प्राथमिक शिक्षा** : अन्तर्गत सात विद्यालयका सात शिक्षकलाई पाउनेभन्दा बढी रु.२५१५६६।- तलब निकासा गरेको देखिएकोले बढी निकासा गरेको रकम असुल हुनुपर्दछ ।

१०. **क्षमता अभिबृद्धि कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च लेख्दा खर्चका विल भरपाई साथै लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा सामुदायिक विद्यालय क्षमता अभिबृद्धि कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा प्राविधिक धार सञ्चालन गर्न चार विद्यालयका लागि रु.१,०२,९५,२६१/- निकासा गरेकोमा निकासा रकमको विल भरपाई तथा खर्चको स्रेस्ता कागजात पेश भएन ।

११. **विद्यालय निकासा** : माध्यमिक विद्यालय/निम्न माध्यमिक विद्यालय अन्तर्गत ८ विद्यालयलाई निकासा माग फारमभन्दा बढी हुने गरी र शिक्षकलाई पाउने भन्दा बढी निकाशा दिएकोले बढी निकाशा गरेको रु.३३८७३४/- असुल हुनुपर्दछ ।

१२. **बढी निकासा** : अन्तर्गत २ शिक्षकलाई पाउनेभन्दा रु.१,०७,८०५/- बढी निकासा गरेको देखिएकोले असुल गर्नुपर्दछ ।

१३. **बैंक दाखिला** : अन्तर्गत आम्दानी तर्फ कोष तथा लेखा नियन्त्रक कार्यालयले आम्दानी देखाएको तर समितिमा बैंक भौचर प्राप्त नभएको रकम भिडान गरी रु.३,३३,७६७।- आम्दानी बाँधेकोमा समिति खातामा प्राप्त उक्त रकमका सम्वन्धमा कुन प्रयोजन बापत उक्त रकम प्राप्त भएको हो सो समेत खुल्ने गरी बैंक दाखिला भौचर समेत प्राप्त गरी आम्दानी रकम सम्वन्धमा स्पष्ट पार्नुपर्ने देखिन्छ ।

## जिल्ला तथ्याङ्क कार्यालय

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी सामानको मूल्य नखुलाएको, जिन्सी लिलाम बिकि नगरेको, जोखिम पहिचान गरी रजिष्टर खडा गरी नराखेको, तालुक कार्यालयबाट निरीक्षण नभएको तथा प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **भवन निर्माण** : कार्यालयको भवन निर्माणका लागि एक निर्माण व्यवसायीसंग २०७२।८।१४ मा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७१।२।१४ मा खरिद सम्झौता भएको छ । लागत अनुमान रु.१,९६,६७,३५४।-(मू.अ.कर बाहेक) रहेको निर्माण कार्यको रु.१,५९,८२,६३२।- मा खरिद सम्झौता भएकोमा गत वर्षसम्म चौथो रनिंग बिल समेत रु.७२,५०,६१३।- (मू.अ.कर समेत) भुक्तानी भएकोमा यस वर्ष पाँचौं रनिंग बिलबाट रु.८,२८,८६०।- (मू.अ.कर समेत) समेत रु.८०,७९४७४। (मू.अ.कर समेत) भुक्तानी भएको छ । निर्माण कार्यको सम्झौता अनुसार काम हुन नसकी निर्माण कार्य अघि बढाउन २०७२।०८।१६ मा सार्वजनिक सूचना समेत प्रकाशन भए पश्चात विभागीय प्रमुखबाट २०७३।८।१३ सम्म एक वर्षका लागि म्याद थप भए तापनि भवन निर्माण कार्यको हालसम्म निर्माण कार्य सम्पन्न भएको छैन भने लेखापरीक्षण अवधि २०७३।१०।१० सम्म म्याद थप समेत गरेको देखिएन । साथै भवन निर्माणको कन्टिन्जेन्सी रकमबाट रु.५३०००।- को विभिन्न सामान खरिद गरी एक इन्स्टिच्युटलाई रकम भुक्तानी गरेकोमा खप्ने जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा खर्च भएर जाने जिन्सी खातामा आम्दानी गरेको देखिएको छ ।

## डिभिजन सडक कार्यालय

१. **आन्तरिक नियन्त्रण :** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा पुराना मालसामानको मूल्य कायम गरी नराखेको, जिन्सी सामानको लिलाम बिक्री नगरेको, जोखिम पहिचान गरी नराखेको, तालुक कार्यालयबाट निरीक्षण नगरेको, प्रत्येक पदको कार्य विवरण बनाइ लागु नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, भ्रमण अभिलेख खाता नराखेको, मर्मत अभिलेख खाता नराखेको, डोर हाजिरी फाराम नियन्त्रण खाता नराखेको, निर्मित सम्पत्तिको अभिलेख तयार नगरेको, खरिद गुरु योजना तयार नगरेको, निर्माण कार्य सम्पन्न भै त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिकबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको तथा ठेक्का व्यवस्थापन समयमा नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **ठेक्का बिल र नापी किताव** : नापी किताब (म.ले.प.फा.नं. १७१) मा उल्लेख हुनुपर्ने ठेक्का नंम्बर, आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, काम शुरु भएको, सम्पन्न हुनुपर्ने र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्नेमा परीक्षण गरिएकोमध्ये अधिकांश ठेक्का बिल तथा नापी कितावमा उक्त विवरण पूर्ण रुपमा उल्लेख भएको देखिएन ।

३. **त्रुटि सच्याउने अवधि** : ठेक्का सम्झौताहरुमा ठेक्का अनुसारको काम भएपछि डिभिजनलाई हस्तान्तरण गर्ने र हस्तान्तरण गरेको मितिले एक वर्षसम्म त्रुटि सच्याउने अवधिमा राखी त्यस अवधिमा बिग्रेका काम ठेकेदार मार्फत नै सच्चाई कार्य सम्पन्न गर्ने व्यवस्था गरिए पनि डिभिजनले त्रुटि सच्याउने अवधिमा रहेका योजनाहरुको विवरण अद्यावधिक नगरेकोले बिग्रेका कामको लागि निर्माण व्यवसायीलाई पूर्णरुपमा जिम्मेवार बनाउने गरेको देखिएन ।

४. **निर्माण कार्यतालिका :** सार्वजनिक खरिद ऐन २०६३ को नियम ५२(२) अनुसार खरीद सम्झौतामा कार्यसम्पादन तालिका समावेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले खरिद सम्झौता गर्दा कार्यसम्पादन तालिका समावेश गर्ने नगरेको र खरिद सम्झौताको म्याद थप गर्दा समेत कामको अद्यावधिक स्थिती सहितको संशोधित निर्माण कार्यतालिका पेश गर्ने गरेको देखिएन । सम्झौता बमोजिमको कार्यसम्पादन तालिका तयार नगर्दा कुन कुन समयमा कुन कुन कार्यसम्पादन गर्ने हो, स्पष्ट नहुने हुँदा सम्झौता र म्याद थप गर्दा निर्माण कार्यतालिका तयार गरी सोही अनुसार कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

५. **कार्य सम्पन्न प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भै त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिकबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । त्यस्तै उपनियम ४ मा एज विल्ट नक्सा र कार्यसम्पन्न प्रतिवेदन सम्वन्धित सार्वजनिक निकायले वोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार भएको देखिएन ।

६. **गुणस्तर :** सडक विभागको स्टाण्डर्ड स्पेसिफिकेसन, २०७० अनुसार गुणस्तर आश्वस्तता योजना र खरिद सम्झौता बमोजिम निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था

रहेको छ। जस अनुसार खरिद सम्झौता पश्चात गुणस्तर परीक्षणको किसिम र त्यसको पटक/संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलब्ध गराउनु पर्ने र सोको परीक्षण गरी डिभिजनले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । डिभिजनबाट सम्झौता भएका अधिकांश निर्माण कार्यमा निर्माण व्यवसायीहरुले सम्झौता पश्चात उक्त योजना पेश गरेको र निर्माण कार्यमा भएको ल्याव टेस्ट रिपोर्ट ठेक्का विलसाथ संलग्न गरेको छ । तर डिभिजनबाट निर्माणाधीन अधिकांश सडक तथा पुलहरुमा प्रयोग भएको विटुमिनको ल्याव टेस्ट केन्द्रीय प्रयोगशालाबाट, डण्डीको ल्याव टेस्ट इन्जिनियरिङ्ग क्याम्पस पुल्चोकबाट एक एक पटकमात्र गरेको छ । यसैगरी अन्य निर्माण सामग्रीहरु गिट्टी, वालुवा, सिमेन्ट, जीआई वायर, ढुंगा तथा अन्य टेष्टहरु समेत निर्माण व्यवसायीले पेश गरेको गुणस्तर योजनामा तोकिए बमोजिमको फ्रिक्वेन्सीमा गरेको देखिदैन ।

७. **टुक्रा पारी खरिद** : कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष विभिन्न बजेट उप शिर्षक अन्तर्गत विभिन्न कामलाई १६ टुक्रामा विभाजन गरी बोलपत्र वेगर रु.७६,८७,६१४।- को काम गराएको छ ।

८. **जिन्सी दाखिला** : निर्वाचन क्षेत्र सडक अन्तर्गत एक निर्माण व्यवसायीलाई रनिंग बिल भुक्तानी गर्दा प्रोभिजनल सम आइटमको रु.१०८३८९।- भुक्तानी दिएकोमा १३ वटा ल्याब सामान जिन्सी दाखिला भएको देखिएन ।

८.१ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्ति वा फर्मले अनुसूची ५ र ५(क) वमोजिमको ढाँचामा कर वीजक दिनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले एक निर्माण व्यवसायीलाई सक्कल कर बीजक वेगर छायाप्रति कर बीजकको आधारमा रु.८२५४७५१/- भुक्तानी गरेकोले रु.९४९६६२/- मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

९. **संभावित रणनैतिक सडक** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, यन्त्र उपकरण लगायतको बीमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले एक निर्माण व्यवसायीसंग रु.७७२३५१३।- मा निर्माण सम्झौता गरेकोमा नियममा व्यवस्था भए बमोजिम बीमा गराएको छैन । निर्माण कार्यको जोखिम न्यूनीकरणका लागि बीमाको व्यवस्था गरिएको र कार्यालयले जोखिम न्यूनीकरणका लागि आवश्यक अग्रसरता लिनुपर्नेमा सो तर्फ ध्यान दिएको नदेखिएकोले कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा स्वीकृत बोलपत्रको बोलपत्रदाताले खरिद सम्झौता रकमको पाँच प्रतिशतले हुने रकम वाणिज्य बैंकबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्ने र जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था रहेको छ । एक निर्माण व्यवसायीसंग २०७३।२।१६ सम्म कार्यसम्पन्न गर्ने गरी रु.७७२३५१३।- मा निर्माण सम्झौता भएकोमा २०७३।२।१६ मा २०७३ मंसिर मसान्तसम्म म्याद थप गरेकोमा कार्यसम्पादन जमानतको म्याद ०७४।४।३२ सम्म रहेकोमा कानूनी व्यवस्था अनुसार जमानतको म्याद थप गरेको देखिएन ।

१०. **क्षेत्रीय तथा पर्यटक सडक** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्चका विल भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । एक निर्माण व्यवसायीलाई बीमा वापत रु.३०००००।- भुक्तानी दिएकोमा बीमा रकम तिरेको बिल भरपाई पेश भएको छैन ।

१०.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) अनुसार खर्च गर्ने अधिकारीले खर्च गर्न सक्ने रकम कुनै योजनाको सम्वन्धमा भए सो योजना स्वीकृत भैसकेको छ भने खर्च गर्ने व्यवस्था रहेको छ । एक निर्माण व्यवसायीलाई रु.२५३९११०।- भुक्तानी दिएकोमा उक्त कार्यको लागि स्वीकृत कार्यक्रम पेश भएको छैन

११. **सडक बोर्ड** : एक निर्माण सेवालाई ठेक्का बिल, कर वीजक, नापी किताब लगायतका कागजात वेगर रु.१३९३५८।- भुक्तानी गरेकोमा उक्त रकम मध्ये रु.१३३०६०।- २०७३।४।१८ मा राजस्व दाखिला गरेको छ । तर रु.६१६७।- दाखिला गरेको नदेखिएकोले असुल हुनुपर्दछ ।

११.१ एक निर्माण सेवासंग २०७३।३।१५ मा कार्यसम्पन्न गर्ने गरी रु.२९७२५४८।- को सम्झौता गरेकोमा उक्त कार्यको फाइल परीक्षण गर्दा निर्माण व्यवसायीसंगको सम्झौताको म्याद समाप्त भैसकेको र म्याद थपको लागि निवेदन समेत नदिएको अवस्थामा तेस्रो रनिंग बिल वापत रु.११०४८५६।- भुक्तानी गरेको छ ।

११.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ मा खरिद सम्झौताको उल्लघंन गरेमा सार्वजनिक निकायलाई प्राप्त हुने उपचारको व्यवस्था रहेको छ । निर्माण व्यवसायीले सम्झौता बमोजिम कार्य नगरेको अवस्थामा पनि कानूनी व्यवस्था बमोजिम ठेक्का तोड्ने वा अन्य कानूनी कारवाहीको साटो रनिंग बिलको भुक्तानी गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम कारवाही गरी सम्झौता बमोजिमको काम गर्न लगाउने तथा निजले कार्यसम्पादन जमानत वापत राखेको कार्यसम्पादन जमानत रु.२६९०००।- र अर्नेष्ट मनी वापत कट्टी गरेको रकम जफत गर्नुपर्ने देखिन्छ ।

१२. **स्थानीय सडक पुल कार्यक्रम** : एक आर.सी.सी. पुल निर्माण कार्यका लागि निर्माण व्यवसायीबाट यस बर्ष निर्माण कार्यको ११ औं तथा अन्तिम विल पेश भई निर्माण कार्यको मूल्याङ्कन सहित नापी किताव, कार्य सम्पन्न प्रतिवेदन पेश भई निर्माण कार्य सम्पन्न भएको छ । निर्माण कार्यको २०६८।३।२० मा सम्झौता भई २०७१।३।२९ सम्ममा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा भूकम्प, नाकावन्दीको कारण समयमा काम सम्पन्न हुन नसकेको कारण जनाई प्रथम पटक २०७२।३।३० र दोश्रो पटक २०७३।२।२१ सम्म म्याद थप र साविक डिभिजन कार्यालय कास्कीबाट २०७०।२।२८ मा सम्झौता रकमको ९.४७ प्रतिशतले रू.३७५८७५१।- भेरियशन थप भएको छ । उक्त निर्माण कार्यका सम्वन्धमा निम्न व्यहोराहरू देखिएका छन् ।

१२.१ निर्माण कार्यको यस बर्ष ११ औं रनिङ्ग विल पेश भएकोमा गतबर्ष सम्म रू. ४,८४,८०,११२।- र यस बर्ष रू.३४,०६,८१३।- समेत रू.५,१८,८७,९२४।- निर्माण व्यवसायीलाई भुक्तानी भएको देखिएको छ । निर्माण कार्यको १० औं रनिङ्ग विल सम्म रू.४,४५,६९,५१८।- भुक्तानी भएकोमा ११ औं रनिङ्ग बिलमा जिम्मेवारी सार्दा रू.४,८४,८०,११२।- जिम्मेवारी सारेकोमा मुल्य समायोजन रकम रू.३४,६०,७४२।- थप गरी जिम्मेवारी सारेको देखिएकोले यस सम्वन्धमा स्पष्ट गर्नुपर्ने देखिन्छ ।

१२.२ निर्माण व्यवसायीलाई यस बर्ष निर्माण कार्यको ११ औं रनिङ्ग विल अनुसारको रकम रू.३४,०६,८१३।- भुक्तानी गरेको मध्ये मूल्य समायोजन वापत रू.२०,३६,४१५।– भुक्तानी गरेको छ । निर्माण कार्यको शुरू सम्पन्न गर्नुपर्ने अवधि २०७०।३।१५ रहेकोमा २ पटक गरी २ बर्ष म्याद थप भई समयमा कार्य हुन नसकेको अवस्थामा समेत ११ औं रनिंग बिलको यसबर्ष रू.१०,३३,४१५।– मूल्य समायोजन वापत भुक्तानी भएको छ ।

१२.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१)मा व्यवस्था भए बमोजिम खरिद सम्झौता बमोजिम निर्माण कार्य समाप्त भएको तीस दिनभित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालय अन्तर्गत पुल निर्माण कार्यका निर्माण व्यवसायीले पुल निर्माण कार्य गरी रकम भुक्तानी लिएकोमा उपरोक्त व्यवस्था अनुसार एजविल्ट ड्रईङ्ग पेश भएको नदेखिएकोले सम्झौता अनुसार रू.१,००,०००।- असुल गर्नुपर्ने देखिन्छ ।

१३. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा व्यवस्था भए अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य बिल वीजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजांच गरी नापी कितावमा उल्लेख भएको कार्यको आधारमा मात्र रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट एक पुल निर्माण कार्यका निर्माण व्यवसायीलाई पुल निर्माण कार्यको चौथो रनिङ्ग विल सम्मको रकम भुक्तानी गर्दा रनिङ्ग विल अनुसार स्वीकृत रकम रू.१,५६,२६,४९९।- रहेकोमा पेश गरिएको कर वीजक अनुसार रू.१,५७,८०,६५६।– भुक्तानी गरेकोले बढी भुक्तानी गरिएको रू.१,५४,१५७– असुल उपर गर्नुपर्ने देखिन्छ ।

१४. **बढी भुक्तानी** : बागलुङ्ग बेनी जोमसोम सडक अन्तर्गत २ निर्माण ब्यबसायीको कर वीजकको जम्मा रू.८०,६९,२७२।– भुक्तानी गर्नुपर्नेमा रू.८१,८२,६३२।– भुक्तानी गरेकोले बढी भुक्तानी रू.१,१३,३६०।– असुल गर्नुपर्ने देखिन्छ ।

१५. **जिन्सी दाखिला** : कार्यालयबाट निर्माण बिल अफ क्वान्टिटिजमा इञ्जिनियर सुविधा अन्तर्गत विभिन्न उपकरणहरू जस्तै टेष्टिङ्ग उपकरण, ल्याव उपकरण आदि समावेश गरी यसवर्ष दुई निर्माण व्यवसायीलाई रू.५८५५१६।- भुक्तानी गरेकोमा उक्त सामान जिन्सी आम्दानी बांधेको देखिएन ।

१६. **कर वीजक** : मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिबृद्धि करमा दर्ता भएको ब्यक्ति वा फर्मले अनुसुची ५ र ६ क बमोजिमको ढाँचामा कर वीजक जारी गर्नुपर्ने ब्यबस्था रहेकोमा यस बर्ष एक निर्माण ब्यबसायीलाई दोहोरो कर बीजक नं. उल्लेख भएको कर वीजकको आधारमा रु.४३१७८३७।- रकम भुक्तानी गरेकोले उक्त रकममा भुक्तानी भएको मूल्य अभिबृद्धि कर दाखिला वा समायोजन भएको प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

१७. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट ,स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था गरी कन्टिन्जेन्सी खर्च हुदै आएको छ । यो वर्ष यस कार्यालयले रु.२९३७२८८०।– कन्टिन्जेन्सी खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्च सम्वन्धमा निम्न व्यहोराहरु देखिएका छन् ।

१७.१ कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा अनुसूची १ मा उल्लिखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन । अनुसूची १ मा उल्लिखित वर्क चार्ट, स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनुपर्ने देखिएको छ ।

१७.२ महालेखा नियन्त्रक कार्यालयले २०६७ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार दैनिक भ्रमण भत्ता, इन्धन खर्च ,गाडी, मोटरसाइकल, कार्यालय भवन मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता खर्चहरुको लागि छुट्टै बजेट शीर्षकमा बजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट शीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन ।

१८. **मोबिलाइजेशन पेश्की:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार २२ निर्माण व्यावसायीलाई मोबिलाइजेशन पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा रु.६४८५८०००/- फछ्यौंट गर्न बाँकी रहेको देखिएकोले नियमानुसार फछ्र्योट गर्नुपर्दछ ।

## धौलागिरी बहुमुखी क्याम्पस

१. **बित्तीय विवरण** : क्याम्पसले पेश गरेको वित्तीय विवरणअनुसार आन्तरिक तर्फ रु.१७७९५७३९।- वचत र नियमित तर्फ रु.२९४३०६८९।- ऋणात्मक रही एकीकृत रुपमा रु.११६३४९५०।- ऋणात्मक रहेको देखिन्छ ।

२. **सापटी** : पेश भएको वित्तीय विवरण अनुसार नियमित तर्फ दायित्व अन्तर्गत आन्तरिक तर्फवाट सापटी प्राप्त रु.२२५९४५६४।- उल्लेख गरेको छ भने आन्तरिक तर्फ सापटी गएको रु.२३४०२६६४।- उल्लेख गरेको छ । नियमित र आन्तरिक सापटीमा रु.८०८१००।- फरक देखिएकोले फरक रकमका सम्वन्धमा स्पष्ट हुनुपर्ने देखिन्छ ।

३. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । क्याम्पसको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण नगरेको, जोखिम पहिचान गरी रजिष्टर खडा गरी नराखेको, तालुक कार्यालयबाट निरीक्षण नगरेको, कार्यक्रमवाइज खर्च खाता नराखेको, वार्षिक खरिद योजना तयार नगरेको, खरिद एकाई गठन नगरेको, मूल्याङ्कन समिति गठन नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

४. **भवन निर्माण** : विज्ञान प्रयोगशाला निर्माणको लागि रु.१६१८६७५।- को सिलबन्दी दरभाउपत्र माग गरेकोमा बि.ओ.क्यू.सहितको दरभाउपत्र लेखापरीक्षणमा पेश नभएको, दरभाउपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन सहित सिफारिस गरेको नदेखिएको, दरभाउपत्र स्वीकृत नभएको तर तुलनात्मक तालिकाको आधारमा घटी कवोल गरेको भनी १ निर्माण सेवासँग रु.१६१३१६६।- को निर्माण सम्झौता गरेको छ । दरभाउपत्रदाताले पेश गरेको दरभाउपत्र, मूल्याङ्कन समितिको सिफारिस, दरभाउपत्र स्वीकृत गरेको निर्णय र कार्यादेश वेगर भएको निर्माण कार्य कानुन सम्म्मत देखिएन ।

४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता बमोजिमको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु

पर्ने व्यवस्था रहेको छ भने क्याम्पस र निर्माण व्यवसायी वीच भएको सम्झौतामा समयमा काम सम्पन्न गर्न नसकेमा क्षतिपूर्ति दिने उल्लेख रहेको छ । एक निर्माण सेवासँग २०७२।६।३० मा कार्य सम्पन्न गर्ने गरी रु.१६१३१६६।- को निर्माण सम्झौता भएकोमा निर्माण व्यवसायीले तोकिएको समयमा काम सम्पन्न नगरी २०७२।९।७ मा बिल भुक्तानीका लागि निवेदन दिएको अवस्थामा पनि कानुनी व्यवस्था बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति नलिई अन्तिम विल भुक्तानी गरेको देखिएकोले ६७ दिनको प्रतिदिन ०.०५ प्रतिशतले लाग्ने पूर्वनिर्धारित क्षतिपूर्तिरु.५४०४१।- असुल हुनुपर्दछ ।

५. **सटर भाडा :** क्याम्पसले क्याम्पस हाताभित्र रहेको भवनका सटरहरु विभिन्न व्यावसायिक प्रयोजनका लागि सम्झौता गरी भाडामा लगाएको छ । भाडामा लगाएका सटरहरुको मासिक रुपमा तिनुपर्ने भाडा रकम मध्ये केही शटरहरुको भाडा समयमा असुल हुन सकेको देखिएन । शटर भाडामा लिने व्यक्तिहरुसंग भएको सम्झौता अनुसार आर्थिक वर्ष २०७२।७३ मा ३ व्यक्तिसँग रु.९३४२५।- र २०७३।७४ को लेखापरीक्षण अवधि २०७३ माघ मसान्तसम्म ९ व्यक्तिसंग रु.५१०६३०।- असुल हुन वाँकी रहेको देखिएकोले जरिवाना समेत असुल गरी आम्दानी खातामा दाखिला गर्नुपर्दछ ।

६. **फछ्र्यौट स्थिति** : आन्तरिक लेखापरीक्षणवाट कायम भएका व्यहोरा एकिन गर्दा २० दफाको रू.१२९१०८७- बेरूजु रहेकोमा लेखापरीक्षण अवधिसम्म पनि फर्छ्यौट भएको नदेखिएकाले कानुनी व्यवस्थाअनुसार असुल, फछ्र्यौट गर्नुपर्दछ ।

## धौलागिरी अञ्चल अस्पताल

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । अस्पतालको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा पुराना मालसामानको मूल्य कायम गरी नराखेको, जिन्सी सामानको लिलाम विक्री नगरेको, जोखिम पहिचान नगरेको, तालुक निकायबाट निरीक्षण नगरेको, कार्य विवरण तयार गरी जिम्मेवारी नतोकेको, कार्यक्रम वाइज खर्च खाता नराखेको, स्वीकृत दरवन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक खरिद योजना तयार नगरी औषधि, स्वास्थ्य सम्वन्धी उपकरण लगायतका सामानहरु खरिद गरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **औषधि खरिदः** अस्पतालबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार खरिद कार्य गर्नुपर्नेमा अस्पतालले यो वर्ष विनियोजित बजेट र अस्पताल विकास समितिबाट विभिन्न औषधि र स्वास्थ्य सम्वन्धी औजार उपकरण खरिदका लागि बोलपत्र र सिलवन्दी दरभाउपत्र माग गरेकोमा आइटमवाइज रुपमा लागत अनुमानमा उल्लिखित दररेटभन्दा घटी कबोल गर्ने आइटमको मात्र सम्झौता गरी बांकी आइटमहरु सोझै बजारबाट खरिद गरेको छ । अस्पतालले यो वर्ष रु.७५२५३४८/- को औषधी उपकरण खरिद गरेकोमा बोलपत्र/सिलवन्दी दरभाउपत्रबाट रु.२१०३४१६/- र रु.५४२१९३१/- को औषधी र उपकरण सोझै खरिद गरेको छ ।

३. **सम्झौता बमोजिम आपूर्ति नगरेको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ अनुसार अस्पतालसंग औषधी र सर्जिकल सामानहरु आपूर्ति गर्ने गरी सम्झौता गरेका ४ आपूर्तिकर्ताले सम्झौता बमोजिम आपूर्ति गरेको नदेखिएकोले आपूर्तिकर्ताले राखेको कार्यसम्पादन जमानत रु.४५०००।- जफत गर्नुपर्ने देखिन्छ

४. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका विल भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेकोमा अस्पतालले बिल वेगर विद्युत प्राधिकरणलाई रु.१,५०,०००।- र खानेपानी समितिलाई रु.३५,६१३।- समेत रु.१८५६१३।- अग्रिम भुक्तानी दिएको देखिन्छ ।

५. **भवन निर्माण :** अस्पतालको आवास भवन निर्माणका लागि एक निर्माण व्यवसायीसँग २०७०।९।२३ मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने गरी २०५९।३।२२ मा रु.१९४७९५५१।- (मू.अ.कर समेत) खरीद सम्झौता भएकोमा निर्माण कार्य संचालनको क्रममा भवनको ड्रइङ डिजाइनमा परिवर्तन गरी सपिङ कम्पलेक्स समेत बनाउनु परेको कारण र अन्य कार्य समेत थप गर्नुपर्ने भएकाले भेरिएसन गर्नुपर्ने जनाई सम्झौता रकम रु.१७२३८५४१।- मा ९.९८ प्रतिशतले हुने रकम भेरीएसन आदेश रु.१७२१६९३।- समेत रु.२१४२५०६५।- (मू.अ.कर समेत) स्वीकृत भएकोमा अन्तिम विल समेतबाट रु.२१४०२२८७।- भुक्तानी भई निर्माण कार्य सम्पन्न भएको छ । भवन निर्माणका लागि समयमा कार्य सम्पन्न हुन नसकी पहिलो पटकको निर्माण म्याद थप अवधि २०७१।३।२२ मा समाप्त भई दोस्रो पटक अवधि थप गर्न माग भएकोमा स्वास्थ्य मन्त्रालय सहसचिव स्तरको २०७२।८।२५ को टिप्पणी आदेश बमोजिम २०७२।११।२२ सम्म कार्य सम्पन्न नभएमा नियमानुसार हर्जाना लिने गरी निर्णय हुन टिप्पणी आदेश भएकोमा डिजाइन, नक्सा परिवर्तन, असहज परिस्थिति भनी म्याद थप हुदै आएको कारण जनाई २०७३।१।३० सम्मका लागि हर्जाना सम्वन्धमा कुनै उल्लेख नगरी २०७२।९।२६ मा दोस्रो पटक म्याद थप भएको देखिन्छ । सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२५ र खरीद सम्झौताको सि.नं. ५६ अनुसार एज विल्ट नक्सा तयार गर्नुपर्नेमा एज विल्ट नक्सा वेगर रु.३००००।- भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

६. **सोलार जडान :** अस्पतालको लागि २४ सै घण्टा विद्युत आपूर्ति गर्न वैकल्पिक उर्जाको आवश्यकता अनुसार ५२ के.भी.ए. सोलार पि.भि.सी. सिस्टम जडानका लागि जडान लागत अनुमान रु.१७२२६०००।- (कन्टिजेन्सी/मूल्य अभिबृद्धि कर समेत) स्वीकृत भएकोमा वोलपत्रको माध्यमवाट घटी कबुल गर्ने एक इनर्जी प्रा.लि.सँग २०७३।६।३० मा जडान सम्पन्न गर्ने गरी २०७३।२।२९ मा रु.१७१७७०५०।- को सम्झौता भएको छ । लागत अनुमान रकम रु.१६८२९०००।- रहेको उक्त सोलार जडान कार्यको वोलपत्रदाताको कवुल अंक रु.१७१७७०५०।- रहेकोमा लागत अनुमानको तुलनामा रु. ३४८०५०।- अर्थात २.०६ प्रतिशतले वढी रहेको अवस्थामा वोलपत्र स्वीकृत गर्न स्वास्थ्य मन्त्रालयमा २०७३।३।२१ मा पत्र लेखेकोमा मन्त्रालयको २०७३।३।२४ को नीतिगत सहमतीको आधारमा सम्झौता गरेको छ ।

अस्पतालवाट आर्थिक वर्षको अन्त्यमा अर्थात २०७३।३।२९ मा २०७३।६।३० सम्ममा जडान कार्य सम्पन्न गर्नुपर्ने सम्झौता भएकोमा उक्त व्यवासायीवाट सोलार मोड्यूल ५३.४ किलोवाट एक सेट तथा इन्स्टलेशन मेटेरियल्स समेतको विल पेश भई रु. ९७०००००।- भुक्तानी भएको छ । सोलार सिस्टम जडानका लागि आवश्यक सम्झौता अनुसारको रकम प्राप्त नभएको अवस्थामा लागत अनुमानभन्दा वढी रकममा आर्थिक वर्षको अन्त्यमा सम्झौता गरेको छ ।

७. **ट्रान्सफर्मर जडान :** अस्पतालको आवश्यकता अनुसार विद्युत आपूर्ति गरी २४ सै घण्टा अस्पताल सेवा उपलब्ध गराउन अस्पतालका लागि सौर्य उर्जा शक्ति जडान कार्य ५२ कि.वा. सोलार पि.भि.सी. सिस्टम का लागि जडान कार्य संचालन गर्न अस्पतालवाट एक इनर्जी प्रा.लि.वाट २०७३।६।३० मा जडान कार्य सम्पन्न गर्नुपर्ने गरी कवुल अंक रु.१७१७७०५०।- मा २०७३।३।२९ मा खरीद सम्झौता भएको अवस्थामा अस्पतालवाट २४ घण्टा सेवा उपलब्ध गराउन भनी अस्पताल

विकास समितिको २०७२।२।१८ को निर्णयअनुसार लागत अनुमान रु.१५७६१८७।- रहेको एक प्राधिकरणको पत्र अनुसार ट्रान्सफर्मर जडानका लागि विद्युत प्राधिकरणलाई ट्रान्सफर्मर जडान कार्य वापत रु.१५,००,०००।- पेश्की उपलब्ध गराएको छ । अस्पतालका लागि नियमित विद्युत आपुर्ति अनिवार्य आवश्यकता रहेता पनि एकै अवधिमा सोलार सिस्टमवाट प्रर्याप्त विद्युत आपुर्ति हुने अवस्थामा विद्युत ट्रान्सफर्मर समेत जडान कार्य हुँदा एउटै सेवामा दोहोरो खर्च भएको अवस्था देखिएको छ । प्राधिकरणलाई रु.१५०००००।- पेश्की उपलब्ध गराएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा फछ्र्यौट भएको देखिएन ।

८. **हेजार्ड तथा अन्य भत्ता** : स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०५७।१२।३० को तलब, भत्ता तथा सुविधा सम्वन्धी मन्त्रिस्तरीय निर्णयअनुसार रेडियोलोजी एवं प्याथोलोजीमा काम गर्ने कर्मचारीलाई रेडियोलोजी र प्याथोलोजी सेवा उपलब्ध गराए अनुसार हाल प्राप्त भई रहेको शुल्कको १२.५% सम्मको रकम सो सेवा प्रदान गर्न प्रत्यक्ष रुपमा संलग्न भएका कर्मचारीलाई उपलब्ध गराउनेगरी स्वीकृति दिएको छ भने सोही मितिको निर्णयले स्वास्थ्य सेवामा संलग्न स्वास्थ्य कर्मीलाई तोकिएको हेजार्ड भत्ता, चिकित्सकलाई दिइने नन् प्राक्टीस भत्ता र तोकिए वमोजिम भुक्तानी हुने एनेस्थेसिया भत्ता वाहेक अन्य सवै भत्ता खारेज गरेको देखिन्छ । अस्पतालले २०७१।७२ को विभिन्न शीर्षकको आम्दानी रु.९३,२२,९०९।- मध्येबाट सो आम्दानी गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको कर्मचारी लगायत अस्पतालमा कार्यरत कर्मचारीलाई विभिन्न भत्ता वापत रु.१९,४८,५२५। वितरण गरेको छ । मन्त्रालयको निर्णय अनुसार १२.५ प्रतिशतले हेजार्ड भत्ता भुक्तानी गर्दा रु.११,६५,६३६।- मात्र खर्चहुने देखिएकोमा सो भन्दा बढी हुने गरी रु.१९,४८,५२५।- खर्च लेखेकोले रु.७,२८,८८९।- बढी खर्च हुन गई अस्पताललाई थप व्ययभार पारेको छ ।

## धौलागिरी अञ्चल आयुर्बेद औषधालय

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । औषधालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी सामान लिलाम बिकि नगरेको, कार्यविवरण तयार गरी कर्मचारीको जिम्मेवारी र कार्य नतोकेको, उद्देश्य प्राप्तिमा आइपर्ने संभावित जोखिमहरु पहिचान नगरेको, तालुक कार्यालयले निरीक्षण नगरेको तथा निरीक्षण पुस्तिका समेत नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **शीर्षक फरक पारी खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्च को निकासा दिने अधिकार प्राप्त अधिकारीले खर्च गर्दा स्वीकृत रकम बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने त्यस्तो खर्च गर्न सक्ने व्यवस्था रहेकोमा २०७३ आषाढको स्थानीय भत्ता रु.१७,२९०।- र २०७२ मंसिर देखि २०७३ आषाढसम्मको घरभाडा रु.१,२०,०००।- समेत रु.१३७२९०।- भुक्तानी गर्दा तलब शिर्षकबाट खर्च गरेको नियम सम्मत देखिएन ।

## बुर्तिवाङ नयाँ शहर आयोजना कार्यालय

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जोखिम पहिचान गरी रजिष्टर खडा गरी नराखेको, तालुक कार्यालयबाट निरीक्षण नभएको, प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु नगरेको, कार्यक्रम वाइज खर्च खाता नराखेको, भ्रमण अभिलेख

नराखेको, बार्षिक खरिद योजना तयार नगरेको तथा डोर हाजिरी फाराम नियन्त्रण खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **नापी किताव** : नापी किताब (म.ले.प.फा.नं. १७१) मा उल्लेख हुनुपर्ने ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, काम शुरु भएको, सम्पन्न हुनुपर्ने र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्नेमा परीक्षण गरिएकोमध्ये अधिकांश ठेक्का बिल तथा नापी किताबमा उक्त विवरण पूर्ण रुपमा उल्लेख भएको देखिएन ।

३. **जग्गा खरिद** : बुर्तिवाङ शहरलाई व्यवस्थित गर्न जग्गा खरिद कार्यका लागि यस वर्ष रु. १,७०,४५,०००।-बजेट व्यवस्था भई रु.१,६६,४४,८८८।- खर्च भएको स्रेस्ता कागजात परीक्षण गर्दा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् :

३.१ नयाँ शहर आयोजनाको पूर्वाधार निर्माण र विकासका लागि जग्गा प्राप्ती गर्न आयोजनाले २०७२।१०।४ मा जग्गाको मूल्य पेश गर्न सार्वजनिक सूचना जारी गरे बमोजिम जग्गा धनीले प्रतिरोपनी रु.५०००००।- का दरले मूल्य कायम गरी निवेदन दिएको छ भने बुर्तिवाङ नगर विकास समितिले चलनचल्तीको मुल्य प्रति रोपनी रु.५०००००।- रहेको उल्लेख गरेको छ । आयोजनाले बुर्तिवाङ भवरेटाका ९ व्यक्तिबाट ३५-९-०-१ जग्गा खरिद गर्दा मालपोत कार्यालय बुर्तिवाङको जग्गाको मूल्याङ्कन पुस्तिका अनुसार उक्त जग्गाको मूल्याङ्कन रु ११३५१००।- भएकोमा जिल्ला मुआव्जा निर्धारण समितिको २०७३।२।३० को निर्णय अनुसार खरिद गरिने जग्गाको मूल्य प्रति रोपनी रु.४५००००।- का दरले मुआव्जा दिने निर्धारण गरे बमोजिम रु.१,६०,०४,७००।- भुक्तानी गरेको छ । यसरी प्राप्त गरेको जग्गा रजिष्ट्रेशन गर्दा रजिष्ट्रेशन थैली भने रु.४०,३२,४०५।- मात्र कायम गरेको छ । मालपोत कार्यालयको मूल्याङ्कन पुस्तिका अनुसार आयोजनाले प्राप्त गरेको जग्गाको मूल्याङ्कन र मुआव्जा निर्धारण समितिले निर्धारण गरेको मुल्य विच रु.१,४८,९६,०००।- फरक देखिन्छ ।

३.२ आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सवारी साधन भाडा भुक्तानीमा १० प्रतिशत भाडा कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा जग्गा खरिद कार्यमा गाडी भाडामा लिई रु.१,८३,०००।- भुक्तानी दिएकोमा १० प्रतिशतले लाग्ने भाडा कर रु.१८३००।- असुल हुनुपर्दछ ।

४. **म्याद थपः**- एक सडक निर्माणका लागि २०७३।२।२८ मा कार्यसम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.१६,७२,६१२।- (मूल्य अभिबृद्धि कर वाहेक) को सम्झौता भएकोमा निर्माण व्यावसायीले २०७३।२।२१ मा कार्य सम्पन्न गरी विल भुक्तानीको लागि निवेदन दिएकोमा साइट इन्चार्जले कार्य सम्पन्न नभएको भनी नाँप जाँच सहितको विल पेश भएको छ । कार्य सम्पन्न गर्नुपर्ने म्याद समाप्त भै सकेको अवस्थामा निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन नदिएको र म्याद थप समेत भएको देखिदैन । बार्षिक प्रगति विवरण अनुसार निर्माण कार्यको भौतिक प्रगति समेत ५० प्रतिशत मात्र भएको देखिन्छ । निर्माण व्यावसायीले सम्झौता बमोजिम कार्य नगरेकोमा कुनै किसिमको कार्यवाही गरेको छैन । यसमा सार्वजनिक खरिद ऐन २०६४ बमोजिम आवश्यक कारवाही गरी निजले कार्य सम्पादन जमानत वापत राखेको रु.९५,०००।- र धरौटी बापत कट्टी गरेको रु.५२,६७१।- समेत रु.१,४७,६७१।- जफत गर्नुपर्दछ ।

५. **उपभोक्ता समिति** : एक सडक निर्माणका लागि २०७३।३।३० मा कार्यसम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग रु.५९,५२,३८६।-को सम्झौता भई रु.३४,९५,७२३।- भुक्तानी भएको स्रेस्ता कागजात परीक्षण गर्दा देखिएका व्यहोरा यस प्रकार छन् ।

५.१ उपभोक्ता समितिसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नभएको र म्याद समाप्त भै सकेको अवस्थामा म्याद थप गरी निर्माण कार्य अगाडि बढाएको देखिएन ।

५.२ उपभोक्ता समितिले विभिन्न निर्माण सामाग्री खरिद गरको भनी कर बीजक अनुसार मूल्य अभिबृद्धि कर सहित रु. २२,६४,४२५।- भुक्तानी गरेकोमा आयकर ऐन २०५८ को दफा ८९ अनुसार अग्रिम कर रु.३०,०५८।- कट्टी गरेको नदेखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

५.३ आयोजनाले उक्त कार्यको कार्यसम्पन्न भएको उल्लेख गरेकोमा कार्य स्वीकार/कार्य सम्पन्न प्रतिवेदन पेश भएको देखिएन ।

६. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट ,स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था गरी कन्टिन्जेन्सी खर्च हुदै आएको छ । यो वर्ष कार्यालयले रु.८६९०००।- कन्टिन्जेन्सी खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्च सम्वन्धमा निम्न व्यहोराहरु देखिएका छन् ।

६.१ कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा अनुसूची १ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन । अनुसूची १ मा उल्लेखित वर्क चार्ट, स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनुपर्ने देखिएको छ ।

६.२ महालेखा नियन्त्रक कार्यालयले २०६७ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार दैनिक भ्रमण भत्ता, इन्धन खर्च ,गाडी, मोटरसाइकल, कार्यालय भवन मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता खर्चहरुको लागि छुट्टै बजेट शिर्षकमा बजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट शिर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजानिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन ।

## सिंचाई विकास डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा पूराना मालसामानको मूल्य कायम गरी नराखेको, जिन्सी सामानको लिलाम विक्री नगरेको, जोखिम पहिचान गरी रजिष्टर खडा गरी नराखेको, तालुक कार्यालयबाट निरीक्षण नगरेको प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु नगरेको तथा कार्यक्रम वाइज खर्च खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **ठेक्का व्यवस्थापन** : कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष ठेक्का व्यवस्थापन गरेका ४ वटा ठेक्कामा बोलपत्र बिकी, दाखिला, कबोल अंक अनुसार पर्याप्त मात्रामा बोलपत्र बिकी

भएतापनि दर्ता न्यून रुपमा भई कबोल अंक समेत लागत अनुमानकै हाराहारीमा रहेको देखिएकोले बोलपत्रमा पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको देखिएन ।

३. **बोलपत्र र ठेक्का गर्ने समय** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) अनुसार ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्नेमा कार्यालयले यो वर्ष ठेक्का सम्झौता गरेका ४ ठेक्का मध्ये १ ठेक्का पहिलो चौमासिक र तेश्रो चौमासिकमा गरेको छ ।

४. **सिंचाई तथा जलस्रोत व्यवस्थापन** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र नियमावलीको नियम १२० अनुसार म्याद थप गर्न सक्ने व्यवस्था रहेकोमा कार्यालयले गत वर्ष देखि सन्चालन हुँदै आएका २ निर्माण कार्यको म्याद थप गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु यसप्रकार रहेका छन् ।

४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता बमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्था रहेको छ । एक सिंचाई योजना निर्माणका लागि २०७१।५।३० मा कार्य सम्पन्न गर्ने गरी एक निर्माण सेवासंग रु.५४,०७,३५४।- को निर्माण सम्झौता भएकोमा कार्यालयले तीन पटकमा शुरु सम्झौताको करिब ५ गुणा (१९ महिना) म्याद थप गर्दा समेत पूर्वनिर्धारित क्षतिपूर्ति दिएको छैन ।

४.२ एक सिंचाई योजना निर्माणका लागि २०६९।६।१५ मा कार्य सम्पन्न गर्ने गरी एक निर्माण सेवासंग रु.६३,५३,४६७।- को निर्माण सम्झौता भएकोमा कार्यालयले ३ पटकमा शुरु सम्झौताको करिब तीन गुणा (४५ महिना) म्याद थप गर्दा पूर्वनिर्धारित क्षतिपूर्ति लिएको छैन । म्याद थपका क्रममा कार्यालयले पटक पटक स्पष्टीकरण माग गरेको र कार्यसम्पादन जमानत समेत रोक्का राखेको स्थितिमा पूर्वनिर्धारित क्षतिपूर्ति निर्माण व्यवसायीको माग बमोजिम म्याद थप गरेको छ ।

४.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्यको बीमा गराउनुपर्ने व्यवस्था रहेकोमा एक सिंचाई योजना निर्माणका लागि २०६९।६।१५ मा कार्य सम्पन्न गर्ने गरी एक निर्माण सेवासंग बिमा व्यवस्था सहित रु.६३,५३,४६७।- को निर्माण सम्झौता भएकोमा कानूनी व्यवस्था अनुसार बीमा गरेको देखिएन ।

४.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(१) अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायीलाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा एक सिंचाई योजना निर्माणका लागि एक निर्माण सेवासंग रु.६३,५३,४६७।- को सम्झौता भएकोमा निर्माण व्यवसायीले सम्झौतामा उल्लेख भएका ८ आइटमहरुको कार्य नगरी तथा घटी कार्य गरी रु.५२४९८०५।- को कार्य गरी सम्झौताभन्दा घटी कार्य गरेको अवस्थामा पनि कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ ।

५. **मोबिलाइजेशन पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार चार निर्माण व्यावसायीलाई मोबिलाइजेशन पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा रु.११७१०००/- फछ्र्यौट गर्न बाँकि देखिएको छ ।

६. **सिंचाई कार्यक्रम** : निर्माण कार्यका लागि यस वर्ष रु.१९,५०,०००। वजेट व्यवस्था भएकोमा रु.७,५६,५४१। खर्च गरी बजेटको तुलनामा ३८ प्रतिशत खर्च गरेको छ । कार्यक्रमबाट यस वर्ष

सिंचाई व्यवस्थापनका लागि एक स्थानमा इन्टेक रिजर्भवायर र पाइप सिस्टम निर्माणका लागि आयोजना उपभोक्ता समितिसंग २०७३।३।२५ मा निर्माण सम्पन्न गर्ने गरी रु.७,६९,३२८।- लागतमा २०७३।३।१७ मा निर्माण सम्झौता भएको छ। उक्त निर्माण कार्यका लागि आर्थिक वर्षको अन्त्यतिर निर्माण सम्झौता गरी कार्य थालिनुले निर्माण आयोजना पूर्ण रुपमा सम्पन्न नभई सम्झौता अनुसारको कार्यको मात्र निर्माण सम्पन्न भएको तर आयोजना अधुरो नै रहेको स्थिति छ। तसर्थ साना आयोजनाहरु चालु वर्षमा नै सम्पन्न गर्ने गरी निर्माण कार्य गरिनु पर्ने देखिन्छ।

७. **मर्मत सम्भार आयोजना** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(९) अनुसार कार्यालय प्रमुखले आर्थिक कारोबार गर्दा सरकारी नगद जिन्सी सुरक्षित राख्न उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको छ। यस वर्ष एक सिंचाई योजनाका लागि एच.डि.पि.पाइप खरिद गरी भुक्तानी गरेकोमा उक्त सामान सम्वन्धित योजनामा प्रयोग गरेको निर्माण बिल र नापी किताबमा उल्लेख भएको देखिएन। खरिद गरिएका सामानहरु कार्यालयमा मौज्दात रहेको देखिएकोले खरिद गरिएका सामान सोही वर्षमा निर्माण कार्यमा प्रयोगमा ल्याउन प्रबन्ध मिलाउनु पर्ने साथै रु.४२९४००।- मूल्यको मौज्दात सामान सम्बन्धित सिंचाई योजनाको निर्माण कार्यमा प्रयोग गरी योजनाको निर्माण बिल नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने देखिएको छ।

८. **उपभोक्ता समितिको सहभागिता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार कार्यालयबाट सम्पन्न गर्नुपर्ने काम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था रहेकोमा यो वर्ष दुई बजेट उपशीर्षक अन्तर्गत अधिकांश कार्य उपभोक्ता समितिहरुबाट सन्चालन गरेको देखिएको छ। उपभोक्ता समितिहरु नियमानुसार दर्ता भएको नदेखिएको, उपभोक्ता समितिको वार्षिक आय व्यय सहितको लेखापरीक्षण प्रतिवेदन तयार गरेको नदेखिएको, निर्मित कार्यको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्नुपर्नेमा उपरोक्त व्यवस्था अनुरुप गरेको देखिएन।

८.१ सिंचाई नीति २०७० बमोजिम मझौला तथा साना सिंचाई आयोजनाको हकमा कूल लागत रकम मध्ये कृषकले व्यहोर्न पर्ने न्यूनतम अंश ३ प्रतिशत देखि अधिकतम १५ प्रतिशतसम्म रहने उल्लेख गरिएको छ। कार्यालयबाट सन्चालित सिंचाई आयोजनामा सिंचाई नीतिले व्यवस्था गरे बमोजिम कृषक उपभोक्ता समितिबाट नगद अंशदानको व्यवस्था गरेको देखिएन तर सम्झौतामा जनश्रमदान अंशसम्म उल्लेख गरेको देखियो।

८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्वन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र सम्वन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नुपर्ने व्यवस्था रहेकोमा डिभिजन अन्तर्गत उपभोक्ता समिति वा लाभग्राही समूहबाट सन्चालित सिंचाई आयोजनका निर्माण सम्झौतामा जनश्रमदानको अंश उल्लेख गरेतापनि निर्माण कार्यको बिल, नापी किताब र कार्यसम्पन्न प्रतिवेदनमा जनश्रमदानको अंश आंशिक रुपमा मात्र उल्लेख गर्ने गरेको देखिएको छ।

८.३ सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७(६) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले गरेको कामको प्राविधिक मूल्यांकन, बिल, भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका निर्माण कार्यको बिल भरपाईहरु पेश गरेको देखिएन।

९. **पारिश्रमिक कर कट्टी** : आयकर ऐन २०५८ को अनुसूची १ बमोजिम कार्यालयमा कार्यरत दुई कर्मचारीको पारिश्रमिक कर कट्टी गरेको नदेखिएकोले रु.५०३३/- असुल गर्नुपर्दछ ।

१०. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट, स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था गरी कन्टिन्जेन्सी खर्च हुदै आएको छ । यो वर्ष कार्यालयले रु.११६३०००।– कन्टिन्जेन्सी खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्च सम्वन्धमा निम्न व्यहोराहरु देखिएका छन् ।

१०.१ कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा अनुसूची १ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन । अनुसूची १ मा उल्लिखित वर्क चार्ट, स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनुपर्ने देखिएको छ ।

१०.२ महालेखा नियन्त्रक कार्यालयले २०६७ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार  दैनिक भ्रमण भत्ता, इन्धन खर्च ,गाडी, मोटरसाइकल, कार्यालय भवन मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता खर्चहरुको लागि छुट्टै बजेट शीर्षकमा बजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही बजेट शिर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजानिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन ।

## शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा पुराना मालसामानको मूल्य कायम गरी नराखेको, जिन्सी सामान लिलाम विक्री नगरेको, सम्भाबित जोखिम पहिचान नगरेको, तालुक निकायबाट निरीक्षण नगरेको, पदको कार्य विवरण बनाइ लागु नगरेको, बार्षिक खरिद योजना र लागत अनुमान तयार नगरेको, सवारी साधन तथा मेशीनरी उपकरण मर्मत अभिलेख नराखेको, ठेक्का बिल र नापी किताबमा अधुरो विवरण राखेको, निर्माण कार्यतालिका तयार नगरेको, डोर हाजिरी फाराम नियन्त्रण खाता नराखेको, भौतिक सम्पत्तिको अभिलेख नराखेको, निर्माण कार्य सम्पन्न भै त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिकबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **आर्युवेद सेवा कार्यक्रम** : निर्माण व्यवसायीबाट विल अफ क्वान्टीटीजमा परिमाण बढ्न गएको कारण जनाई भेरिएशन थप गरिदिन माग भए बमोजिम शुरु सम्झौता रकममा भेरियशन रु.२,२९,२४८।- थप गरेकोमा भेरिएशन थप रकमको स्वीकृति पेश भएको छैन ।

३. **नमूना एकीकृत वस्ती विकास** : कार्यकम अन्तर्गत एक उपभोक्ता समितिबाट नयाँ नगरपालिका जिल्ला पूर्वाधार विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी उपभोक्ता समितिबाट निर्माण कार्यको प्रथम रनिङ विल साथ पेश भएको स्रेस्ता कागजात अनुसार रु.१०,९२,५००।- मूल्यका विभिन्न

सामान खरिद गरी रकम भुक्तानी गरेकोमा मूल्य अभिबृद्धि कर दर्ता नभएका विक्रेतासँग खरिद गरेको देखिएको छ ।

४. **जिल्ला स्वास्थ्य कार्यक्रम :** एक स्वास्थ्य चौकी भवन निर्माणका लागि एक निर्माण व्यवसायीसँग २०६९।१०।१० मा कार्य सम्पन्न गर्नुपर्ने गरी रु. १,२१,५६,२७४।- को निर्माण सम्झौता भएकोमा कार्यालयले निर्माण व्यावसायीको माग बमोजिम २०६९।१२।१४ को निर्णयले २०७०।४।९ सम्म म्याद थप गरेको देखिन्छ । निर्माण व्यवसायीले २०७०।४।७ मा पुनः म्याद थपका लागि निवेदन दिएकोमा कार्यालयले म्याद थपका लागि विभागमा पेश गरेकोमा म्याद थप भएको नदेखिएको र निर्माण व्यावसायीले पुनः २०७२।५।७ मा २०७२ आश्विन मसान्तसम्म म्याद माग गरेकोमा कार्यालयले २०७२।५।१५ सम्म विना हर्जाना र २०७२।५।१६ देखि २०७२।६।३० सम्म हर्जाना सहित म्याद थप गर्न विभागमा सिफारिस सहित पेश गरेकोमा लेखापरिक्षण अवधिसम्म पनि म्याद थप भएको नदेखिएकोले नियमानुसार म्याद थप गर्ने वा कानुनी व्यवस्था बमोजिम कारवाही गरी कार्य सम्पादन जमानत वापत राखेको रु.६,९०,०००।- र रिटेन्सनमनी वापत कट्टी गरेको रु. ५५१९४६।- समेत रु.१२,४१,९४६।- जफत गर्नुपर्ने देखिन्छ ।

४.१ बाटाकाचौर स्वास्थ्य चौकी निर्माणका लागि २०७२।१०।६ मा कार्य सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.१,८७,४४,४७०।- मा (मूल्य अभिबृद्धि कर वाहेक) निर्माण सम्झौता भएकोमा यो बर्ष कार्य सम्पन्न भई रु.२,३५,०७,७१८।- भुक्तानी भएको ठेक्का फाइल परिक्षण गर्दा देखिएका व्यहोरा यस प्रकार छन् ।

४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरियसन सम्बन्धी व्यवस्था रहेको छ । डिभिजनले सम्झौतामा उल्लेख भए अनुसारका विभिन्न आइटमहरुका परिमाण थपघट गर्नुपर्ने भनी रु.८,५५,३६८।- (४.५६ प्रतिशत) को भेरिएशन भुक्तानी गरेकोमा भेरिएशन गर्नुपर्ने आइटम सहितको संशोधित लागत अनुमान स्वीकृत गरेको र थप कार्यादेश दिएको देखिएन ।

४.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा एज बिल्ट ड्रईङ्ग सम्वन्धी व्यवस्था रहेको छ । पेश भएको एज बिल्ट ड्रईङ्ग सम्वन्धित निर्माण व्यवसायीको हस्ताक्षर सहित साइट इन्चार्ज र डिभिजन प्रमुखले स्वीकृत गरेको नदेखिएको अवस्थामा पनि रु.४००००।- भुक्तानी गरेको छ ।

४.४ निर्माण व्यवसायीसँग २०७२।१०।६ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा डिभिजनले २०७२।१०।६ मा कार्य सम्पन्न भएको भनी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । तर सातौं रनिङ विल २०७२।१२।१२ मा कर बीजक नं ०४।०७२।१२।१२ बाट रु.२५००४०।- र अन्तिम विल २०७३।२।३० मा कर विजक नं. ०५।०७३।२।३० बाट रु.२२,२३,२४८।- भुक्तानी भएको छ । कार्य सम्पन्न गर्नुपर्ने म्याद भन्दा २ महिना अवधि पछि रनिङ विल भुक्तानी र करिव पाँच महिना पछि अन्तिम विल भुक्तानी भएकोमा डिभिजनले कार्य सम्पन्न प्रतिवेदनमा सम्झौता अनुसार २०७२।१०।६ मा कार्य सम्पन्न भएको देखाएको छ । ठेक्का सम्वद्ध कागजातले निर्माण व्यवसायीले २०७२।१०।६ मा कार्यसम्पन्न गरेको प्रमाणित हुने आधार नदेखिएकोले कार्य सम्पन्न भएको आधिकारिक प्रमाण पेश गर्ने अन्यथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार ४ महिना २४ दिन अर्थात १४४ दिनको हर्जाना रु.१३,४९,६०२।- असुल हुनुपर्ने देखिन्छ ।

४.५ अन्तिम ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदनमा मूल्य समायोजन रु.३,८०,३३८।- समेत अद्यावधिक काम भएको रु.१,९६,८४,६३४।- मा मूल्य अभिबृद्धि कर समेत रु.२,२२,४३,६३७।- देखिएकोमा

डिभिजनले अन्तिम विलसम्म रु.२,३५,०७,७१८।- भुक्तानी गरेको देखिन्छ । निर्माण व्यावसायीले गरेको कामको नाँपजाँचभन्दा बढी हुने गरी रु.१२,६४,०८१।- बढी भुक्तानी गरेकोमा धरौटी वापत कट्टी गरी राखेको रु.९,४५,०३२।- दाखिला गरेको देखिएकोमा धरौटी रकम त्रुटि सच्याउने अवधिसम्म सम्वन्धित खातामा राख्नुपर्ने व्यवस्था रहेकोले निर्माण व्यावसायीलाई काम गरेभन्दा बढी भुक्तानी दिएको रु.१२,६४,०८१।- असुल हुनुपर्दछ ।

४.६ धवलागिरी अञ्चल अस्पताल दोश्रो फेज 'वि' व्लक भवन निर्माणका लागि एक निर्माण व्यवसायीसँग २०६८।१।५ मा कार्य सम्पन्न गर्ने गरी २०६६।१।६ मा खरिद सम्झौता गरेको छ । कवुल अंक रकम रु.७,४६,२४,३११।- (मूल्य अभिबृद्धि कर समेत) रहेको उक्त निर्माण कार्यको गतवर्ष सम्म १५ औ रनिङ विल सम्मको रु.६,३१,६८,६३३।- भुक्तानी भएकोमा यस बर्ष १६ औं देखि १८ औं रनिङ विल सम्मको रु.६५,३७,०१८।- समेत रु.६,९७,०४,६५१।- भुक्तानी भएको छ । खरिद सम्झौता अनुसार सम्पन्न गर्ने मिति २०६८।१।५ रहेकोमा भवन निर्माण कार्यको ५ पटक सम्म म्याद थप गरेको छ । पाँचौ पटक २०७३।३।१ देखि २०७३।३।३० सम्म म्याद थप गरेकोमा २०७३।३।१ देखि २०७३।३।३० सम्म ३० दिनको प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी २०७२।११।११ मा म्याद थप सम्वन्धी निर्णय भएकोमा निर्णय अनुसार ३० दिनको पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको नदेखिएकोले निर्णय बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति रु.११,१९,३६४।- असुल उपर गर्नुपर्ने देखिन्छ ।

४.७ भवन निर्माण कार्यको पाँचौं पटक म्याद थप अवधि २०७३।३।३० सम्म रहेकोमा लेखापरिक्षण अवधि २०७३।१०।३० सम्म म्याद थप भएको देखिएन । साथै ठेकेदारलाई भुक्तानी गरेको मोविलाइजेशन पेश्की वापत जमानतको अवधि तथा कार्यसम्पादन जमानतको अवधि समेत थप भएको छैन ।

४.८ धवलागीरी अञ्चल अस्पताल दोश्रो फेज 'सी' व्लक भवन निर्माणका लागि एक निर्माण व्यवसायीसँग २०७३।३।१० मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने गरी २०७०।३।५मा खरिद सम्झौता भएको छ । कवुल अंक रु.११,३७,५३,३२०।- (मूल्य अभिबृद्धि कर समेत) रहेको निर्माण कार्यको गतबर्ष दोश्रो रनिङ वील सम्मको रु.१,४०,३४,४५०।- भुक्तानी भएकोमा यस बर्ष तेश्रो देखि पाँचौ रनिङ वील सम्मको रु.२,०६,२०,२९५।- समेत रु.३,४६,५४,६९५।- भुक्तानी गरेको छ । निर्माण कार्यको यस बर्षको रनिङ विलबाट रु.११,३५,०३२।- मूल्यसमायोजन रकम भुक्तानी गरेकोमा मोविलाइजेशन कट्टा गर्दा खुद कट्टा गर्नुपर्ने रकम भन्दाकम कट्टा गरी मोवीलाइजेशन पेश्की कट्टा गर्न छुट गरेकोले मूल्य समायोजन वापत रु.२९३१९८/- बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने देखिन्छ ।

४.९ निर्माण कार्यको सम्झौता अनुसार २०७३।३।१० सम्ममा निर्माण कार्य संपन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधि २०७३।१०।३० सम्ममा म्याद थप गरिएको देखिएन भने निर्माण व्यवसायीलाई उपलव्ध गराएको मोविलाइजेशन पेश्की रकम बाँकी रहेकोमा अग्रीम भुक्तानी जमानत तथा परफरमेन्स बण्डको अवधि थप गरेको देखिएन ।

४.१० बुर्तिवाङ अस्पताल 'ब्लक सी' निर्माणका लागि एक निर्माण व्यवसायीसँग २०७४।७।१ मा निर्माण कार्य सम्पन्न गर्नुपर्ने गरी २०७२।६।२ मा खरिद सम्झौता भएको छ । कवुल अंक रु.८,०५,२८,५७८।-(मूल्य अभिबृद्धि कर समेत) रहेको उक्त निर्माण कार्यको खरिद सम्झौता भई रु.१,०६,९५,०००।-मोविलाइजेशन पेश्की उपलब्ध गराएको छ । यस बर्ष निर्माण कार्यको प्रथम रनिङ विल पेश भई रु.७२,९२,८०३।- भुक्तानी गरेकोमा निम्न व्यहोरा देखिएका छन् ।

४.११ निर्माण व्यावसायीसँग रु.७,१२,६४,२२९।-मा निर्माण सम्झौता भएकोमा संझौताको जनरल कन्डिसन अफ कन्ट्रयाक्ट (४८.१) अनुसार बढीमा सम्झौता रकमको १५प्रतिशत सम्म अग्रिम पेश्की रु.१०६८९६३४।- दिन सकिनेमा रु.१,०६,९५०००।- पेश्की उपलब्ध गराएकोले बढी पेश्की दिएको रु.५३६६।- असुल गर्नुपर्ने देखिन्छ ।

४.१२ निर्माण व्यावसायीलाई यस बर्ष मोबिलाइजेशन पेश्की रु.१,०६,९५,०००।- दिएकोमा सम्झौताको जनरल कन्डिसन अफ कन्ट्रयाक्ट (४८.१) अनुसार साइट क्लियरेन्स सम्वन्धी कार्य भएपछि सम्झौता रकमको ५ प्रतिशत रकममात्र पहिलो किस्ता उपलब्ध गराउने र निर्माण सामाग्री तथा उपकरण निर्माण स्थलमा व्यवस्था गरेपछि प्राविधिकको सिफारिसमा १० प्रतिशत रकम दोश्रो किस्तामा उपलब्ध गराउनु पर्नेमा निर्माण व्यवसायीलाई पहिलो किस्तामा ५ प्रतिशत रु.३५,६३,२११।- भुक्तानी दिनुपर्नेमा रु.४८,००,०००।- भुक्तानी गरी सम्झौतामा तोकिएभन्दा रु.१२३६७८९।- बढी पेश्की उपलब्ध गराएको देखिन्छ ।

४.१३ निर्माण व्यावसायीलाई प्रथम रनिङ विल रु.६४,५३,८०८।- (मूल्य अभिबृद्धि कर वाहेक) भुक्तानी गरेकोमा संझौता अनुसार भुक्तानी रकममा समानुपातिक तरिकाले १५ प्रतिशतका दरले रु.९,६८,००१।- पेश्की कट्टी गर्नुपर्नेमा रु.५,९५,०००।- मात्र कट्टी गरेकोले संझौतामा तोकिएभन्दा रु.३,७३,००१।- घटी पेश्की कट्टी गरेको देखिन्छ ।

४.१४ निर्माण व्यवसायीलाई प्रथम रनिङ विल रकम भुक्तानीमा मूल्य समायोजन रकम गणना गर्दा विल रकममा मूल्य अभिबृद्धि करका साथै मोविलाइजेशन पेश्की रकम रु.१२,४१,२००।- कट्टा गरी मूल्य समायोजन गणना गरेकोमा गोश्वरा भौचर अनुसार रु.५,९५,०००।- मात्र मोविलाइजेशन पेश्की कट्टी गरेको छ ।

४.१५ निर्माण कार्यको संझौता गर्दा विल अफ क्वान्टीटीजमा सवारी साधन भाडा समावेश गरी संझौता गर्दा लागत बढन गएको संदर्भमा लेखा समितिको २०६९।१।८ को निर्णय अनुसार वी.ओ.क्यू. मा सवारी साधन भाडामा नलिने नीति तय भएको अवस्थामा कार्यालयबाट वी.ओ.क्यू. मा सवारी साधन आपुर्तिका लागि रु.३०,००,०००।- व्यवस्था गरी निति बिपरीत सम्झौता गरेको छ ।

५. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट ,स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था गरी कन्टिन्जेन्सी खर्च हुदै आएको छ । यो वर्ष यस कार्यालयले रु.३७८९३१४।– कन्टिन्जेन्सी खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्च सम्वन्धमा निम्न व्यहोराहरु देखिएका छन् ।

५.१ कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा अनुसूची १ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन । अनुसूची १ मा उल्लेखित वर्क चार्ट, स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनुपर्ने देखिएको छ ।

५.२ महालेखा नियन्त्रक कार्यालयले २०६७ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार दैनिक भ्रमण भत्ता, इन्धन खर्च, गाडी, मोटरसाइकल, कार्यालय भवन मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता खर्चहरुको लागि छुट्टै बजेट शिर्षकमा बजेट व्यवस्था भएको देखिन्छ । त्यस्ता कार्यको लागि बजेट

नपुग भएमा सोही बजेट शिर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजानिक निर्माण शीर्षकबाट खर्च लेखेको उपयुक्त देखिएन ।

५.३ खर्च विवरण परीक्षण गर्दा पूजीगत प्रकृतिका सामान समेत खरिद गरेको देखिन्छ। अर्थ मन्त्रालयको २०७०।१।२४ को परिपत्र अनुसार कम्प्युटर, प्रिन्टर, फर्निचर जस्ता पूँजी निर्माण तथा सम्पत्ति खरिद सम्वन्धि शिर्षकमा अर्थ मन्त्रालयको सैद्धान्तिक सहमति लिई खर्च गर्नु पर्नेमा त्यस्तो सहमति लिएको देखिएन ।

६. **मोबिलाइजेशन पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार विभिन्न निर्माण व्यवसायीलाई उपलव्ध गराएको मोबिलाइजेशन पेश्की मध्ये ८ निर्माण व्यवसायीबाट आर्थिक वर्षको अन्त्यसम्ममा रु.३५३५१९०४/- पेश्की फछ्र्यौट हुन बाँकि देखिएको छ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ५० कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र २ कार्यालयको सम्वन्धित निकायबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार ३४ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका ३२ मध्ये निम्न २ कार्यालयको रु.२१,६०,०००।- बेरुजू बाँकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | व्यहोरा | रकम (रु) |
|---|---|---|---|
| १. | जिल्ला प्राविधिक कार्यालय | मोबिलाईजेशन पेश्की बाँकी | १३९५०००/- |
| २. | जिल्ला हुलाक कार्यालय | मोबिलाईजेशन पेश्की बाँकी | ७६५०००/- |
| | | **जम्मा** | **२१६००००/-** |

**(महेश्वर काफ्ले)**
**नायब महालेखापरीक्षक**

अनुसूची १

## लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधि : विस्तृत** **रु.लाखमा**

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | पुनरावेदन अदालत | २१४ | १ | ८ | ० | २२३ |
| २. | जिल्ला अदालत | ४६७ | ५१ | १६३ | ० | ६८१ |
| ३. | पुनरावेदन सरकारी वकील कार्यालय | ६३ | ० | ० | ० | ६३ |
| ४. | जिल्ला सरकारी वकील कार्यालय | १७२ | ० | ४ | ० | १७६ |
| ५. | कोष तथा लेखा नियन्त्रक कार्यालय | १०९ | ० | २ | | १११ |
| ६. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | २००२ | ० | ९६ | ० | २०९८ |
| ७. | घरेलु तथा साना उद्योग विकास समिति | ७८ | ३१ | ९ | ० | ११८ |
| ८. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय | ८२७ | ० | ४१ | ० | ८६८ |
| ९. | जिल्ला कृषि विकास कार्यालय | ४८७ | १ | ४ | १ | ४९३ |
| १०. | जिल्ला विकास समिति | ० | ० | ० | १४४६७ | १४४६७ |
| ११. | जिल्ला स्वास्थ्य कार्यालय | १६९६ | ० | ११ | ० | १७०७ |
| १२. | जिल्ला शिक्षा कार्यालय | १२७९४ | १२६ | ० | ४१ | १२९६१ |
| १३. | जिल्ला तथ्याङ्क कार्यालय | ६५ | ० | २ | ० | ६७ |
| १४. | डिभिजन सडक कार्यालय, | ४७२० | १०८ | २८७ | ६५० | ५७६५ |
| १५. | धौलागिरी बहुमुखी क्याम्पस | ० | ० | ० | २५९ | २५९ |
| १६. | धौलागिरी अञ्चल अस्पताल | ६१२ | २ | ३२ | १३३ | ७७९ |
| १७. | धौलागिरी अञ्चल आयुर्वेद औषधालय | ८३ | ० | १ | ० | ८४ |
| १८. | बुर्तिवाङ नयाँ शहरी आयोजना | २८३ | १ | १ | ० | २८५ |
| १९. | सिंचाइ विकास डिभिजन कार्यालय | ३१३ | १ | ६४ | ० | ३७८ |
| २०. | शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालय | २११९ | १ | २०६ | ० | २३२६ |
| | **जम्मा** | **२७१०४** | **३२३** | **९३१** | **१५५५१** | **४३९०९** |

**लेखापरीक्षण विधि : आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** **रु.लाखमा**

| क.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला निर्वाचन कार्यालय | १९ | ० | ० | ० | १९ |
| २. | लाकेसेवा आयोग अन्चल कार्यालय | ११७ | ३० | २ | ० | १४९ |
| ३. | अर्जुन वाण गण | १८९३ | १ | २१ | ० | १९१५ |
| ४. | अञ्चल प्रहरी कार्यालय | २२१ | ० | ० | ० | २२१ |
| ५. | अञ्चल सशस्त्र प्रहरी गुल्म | ३७७ | ० | ३ | ० | ३८० |
| ६. | इलाका प्रहरी कार्यालय, बरेङडाँडा | १२३ | ० | ० | २९३ | ४१६ |
| ७. | इलाका प्रहरी कार्यालय, गल्कोट | २०२ | ० | ० | ० | २०२ |
| ८. | इलाका प्रहरी कार्यालय, बुर्तिबाङ | ३०६ | ० | ० | ० | ३०६ |
| ९. | एकिकृत सेवा केन्द्र, बुर्तिबाङ | २१ | ८८ | ० | ० | १०९ |
| १०. | करदाता सेवा कार्यालय | २९ | १०२७ | ० | ० | १०५६ |

| क्र.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| ११. | कारागार कार्यालय | ५७ | ० | २ | ० | ५९ |
| १२. | जिल्ला बाल कल्याण समिति | १ | ० | ० | ० | १ |
| १३. | जिल्ला वन कार्यालय | ३४९ | ५ | ११ | १३ | ३७८ |
| १४. | जिल्ला भूसंरक्षण कार्यालय | २५० | ० | १ | ० | २५१ |
| १५. | जिल्ला प्राविधिक कार्यालय | २६८ | १ | १६ | ० | २८५ |
| १६. | जिल्ला पशु सेवा कार्यालय | ३६७ | ० | १ | १३ | ३८१ |
| १७. | जिल्ला प्रशासन कार्यालय | २२२ | ३०४ | ३५ | ५६४ | ११२५ |
| १८. | जिल्ला प्रहरी कार्यालय | १०९७ | ० | १६ | ३६ | ११४९ |
| १९. | जिल्ला ट्राफिक कार्यालय | ० | २१ | ० | ० | २१ |
| २०. | जिल्ला हुलाक कार्यालय | ४३० | २१ | १० | ० | ४६१ |
| २१. | डिभिजन सहकारी कार्यालय | ६७ | १ | ० | ० | ६८ |
| २२. | ढोरपाटन शिकार आरक्षण कार्यालय | १७५ | ४ | ५ | ० | १८४ |
| २३. | नं.२३ फि.एफ.गुल्म | १६५ | ० | १ | ० | १६६ |
| २४. | नं.२३ बाहिनी अड्डा | ९१३ | २ | १८ | ० | ९३३ |
| २५. | नापी कार्यालय, बुर्तिबाङ | ४१ | ३ | ० | ० | ४४ |
| २६. | नापी कार्यालय, | ६६ | ५ | ० | १ | ७२ |
| २७. | महिला विकास कार्यालय | १७० | ० | ० | १५ | १८५ |
| २८. | मालपोत कार्यालय, बुर्तिबाङ | ४१ | १७ | १ | ११८ | १७७ |
| २९. | मालपोत कार्यालय, | ८८ | १५२ | १२ | ० | २५२ |
| ३०. | यातायात व्यवस्था कार्यालय | ६८ | ४२० | १ | ० | ४८९ |
| ३१. | राष्ट्रिय अनुसन्धान कार्यालय | ६६ | ० | ० | ० | ६६ |
| ३२. | हनुमानध्वज गुल्म | ६६८ | ० | ६ | ० | ६७४ |
|  | **जम्मा** | **८८७७** | **२१०२** | **१६२** | **१०५३** | **१२१९४** |
|  | **कूल जम्मा** | **३५९८१** | **२४२५** | **१०९३** | **१६६०४** | **५६१०३** |

अनुसूची २

# बेरुजूको स्थिति

(रु हजारमा)

| क्र. स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रिया र समायोजनबाट फछ्यौट | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रियाबाट | जम्मा |
| १. | उच्च अदालत | ४ | ० | २ | ० | २ | ० | ० | ० | ० | २३ | ० | २३ |
| २. | जिल्ला अदालत | १४ | १८४७८ | ५ | ० | ९ | ० | २०९ | १८२६९ | १८४७८ | ० | ० | ० |
| ३. | उच्च सरकारी वकील कार्यालय | ४ | ० | २ | ० | २ | ० | ० | ० | ० | ११ | ० | ११ |
| ४. | जिल्ला सरकारी वकील कार्यालय | ६ | ४ | २ | ० | ४ | ४ | ० | ० | ४ | ११ | ० | ११ |
| ५. | को ले नि कार्यालय | ५ | ५५० | २ | ० | ३ | ० | ० | ५५० | ५५० | ० | ० | ० |
| ६. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | २८ | १३४८६ | ११ | २११९ | १७ | ० | ५६६७ | ५७०० | ११३६७ | ० | ० | ० |
| ७. | घरेलु तथा साना उद्योग विकास समिति | ४ | १ | १ | ० | ३ | १ | ० | ० | १ | ० | ० | ० |
| ८. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन | १५ | १३३९ | ७ | ० | ८ | ० | १०३९ | ३०० | १३३९ | ० | ० | ० |
| ९. | जिल्ला कृषि विकास कार्यालय | १४ | १३५९ | ८ | ० | ६ | ३५ | १३२४ | ० | १३५९ | ५० | ० | ५० |
| १०. | जिल्ला विकास समिति | ८० | ५१७४१ | ६० | ० | २० | १०२५१ | १२५५५ | २८९३५ | ५१७४१ | ५८ | ० | ५८ |
| ११. | जिल्ला जन स्वास्थ्य कार्यालय | ४० | ५७१० | ३० | ३६९ | १० | ४३० | ४९११ | ० | ५३४१ | ० | १५ | १५ |
| १२. | जिल्ला शिक्षा कार्यालय | ३१ | २२६६४७ | १८ | ० | १३ | ३७५८ | २२२८८९ | ० | २२६६४७ | ५० | ० | ५० |
| १३. | जिल्ला तथ्यांक कार्यालय | ६ | ० | ४ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| १४. | डिभिजन सडक कार्यालय, | ३५ | ७८३१० | १७ | ० | १८ | ५४३ | १२९०९ | ६४८५८ | ७८३१० | ० | ० | ० |
| १५. | धौलागिरी बहुमुखी क्याम्पस | २९ | २२४७ | २३ | ० | ६ | ७३ | २१७४ | ० | २२४७ | २८ | ० | २८ |
| १६. | धौलागिरी अञ्चल अस्पताल | १८ | २८५४ | १० | ० | ८ | ४५ | १३०९ | १५०० | २८५४ | ० | ० | ० |
| १७. | धौलागिरी अञ्चल आयुर्वेद औषधालय | ३ | १३७ | १ | ० | २ | ० | १३७ | ० | १३७ | ० | ० | ० |
| १८. | बुर्तिवाङ नयाँ शहर आयोजना | १५ | ३७९ | ९ | ० | ६ | १९६ | १८३ | ० | ३७९ | ० | ० | ० |
| १९. | सिंचाइ विकास डिभिजन कार्यालय | १७ | १५९५ | ७ | ० | १० | ५ | ४१९ | ११७१ | १५९५ | ० | ० | ० |
| २०. | शहरी बिकास तथा भवन निर्माण डिभिजन | ३५ | ४३०५७ | २९ | ५७ | ६ | ५४२१ | २२२७ | ३५३५२ | ४३००० | ० | २६ | २६ |
| २१. | जिल्ला प्राविधिक कार्यालय | १ | १३९५ | ० | ० | १ | ० | ० | १३९५ | १३९५ | ० | ० | ० |
| २२. | जिल्ला हुलाक कार्यालय | १ | ७६५ | ० | ० | १ | ० | ० | ७६५ | ७६५ | ० | ० | ० |
| | **जम्मा** | **४०५** | **४५००५४** | **२४८** | **२५४५** | **१५७** | **२०७६२** | **२६७९५२** | **१५८७९५** | **४४७५०९** | **२३१** | **४१** | **२७२** |

द्रष्टव्य : *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*
*प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ ।*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय | रकम | ब्यय | रकम |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी : | ४४६७५०३९.६४ | वजेट खर्च : | १८४७४८७६४.३८ |
| आन्तरिक श्रोत आम्दानी | ३५४१८०४.२५ | जि.वि.स. अनुदान (चालु) | ५०८८४०७३.९८ |
| राजस्व बाँडफँड मालपोत | ३९४०५०.४८ | गा.वि.स. अनुदान (चालु) | १३३८६४६९०.४० |
| ग ३ स्थानीय निकाय धरौटी खाता | २११०५०६.३८ | अन्य कोष खर्च: | ८७७३३९१३.०३ |
| पूर्वाधार सडक मर्मत संभार कोष | ३८०५१७९.०० | आन्तरिक श्रोत आम्दानी | ५५३५५४२.८३ |
| कर्मचारी कल्याण कोष खाता | १०८५२१४.४५ | राजस्व बाँडफँड मालपोत | ७०१२२०९.२३ |
| प्रकोप व्यवस्थापन विषेश कोष खाता | १३२०७८९.०० | ग ३ स्थानीय निकाय धरौटी खाता | १०२९६२०.०० |
| वातावरण व्यवस्थापन विशेष कोष | ६६२५०.०० | पूर्वाधार सडक मर्मत संभार कोष | ३१५१२२०.०० |
| स्थानीय विकास विशेष कोष | ६६२५०.०० | कर्मचारी कल्याण कोष खाता | २८२८३४९.०० |
| महिला बालबालिका विशेष कोष | ६६२५०.०० | प्रकोप व्यवस्थापन विषेश कोष खाता | ११२२५०.०० |
| मानव संशोधन विकास विषेश कोष | ८६४०९.१८ | वातावरण व्यवस्थापन विशेष कोष | १५०२५.०० |
| गरिवी निवारण घुम्टी विशेष कोष | ६६२५०.०० | स्थानीय विकास विशेष कोष | २५०.०० |
| उपेक्षित उत्पीडित वर्ग | ३५८९.३५ | महिला बालबालिका विशेष कोष | २५०.०० |
| भा?तीय ?ाजदुताबास | ११७४८९.१० | गरिवी निवारण घुम्टी विशेष कोष | २५०.०० |
| आदीबासी जनजाती | १४८५६.०० | स)घिय मामिला संस्कृति मन्त्रालय | २०९९७.०० |
| सल्यान मन्दि? | ११०००.०० | सडक बोर्ड नेपाल | २८०७९३६.४६ |
| एमसिपिएम ०६६:६७ | ५६६९.५६ | चालु तथा पुंजीगतको हि.मि. | १००००००.०० |
| कन्टन्जेन्सी ०६५:६६ | २३८५४.०० | पश्चिम नेपाल ग्रामिण खा.पा.चालु | ११५४९३८९.२२ |
| दलित छात्रवृत्ति | ९०००.०० | पश्चिम नेपाल ग्रामिण खा.पा.पूजीगत | २७९९०४६४.०० |
| स)घिय मामिला स)स्कृति मन्त्रालय | ६७६१०.०० | विद्युत रोयल्टी पूंजीगत | १८९२०२१४.७९ |
| सडक बोर्ड नेपाल | १९७९२४.४६ | वातावरण उर्जा तथा जलवायु परिवर्तन | ५७५९९४५.५० |
| पर्यटन बोर्ड | ५००००००.०० | केन्द्रीय राजस्व दाखिला | ४१११७१२.४७ |
| गुनासो व्यवस्थापन | ४३४७.०० | बैंक मौज्दात | ४३२५३४४३.६५ |
| पश्चिम नेपाल ग्रामिण खा.पा.चालु | ४५३०९८१.६४ | आन्तरिक श्रोत आम्दानी | ३६३२६६.४२ |
| विद्युत रोयल्टी पूंजीगत | १८६३७६३८.७९ | राजस्व बाँडफँड मालपोत | ५०९३५६१.६६ |
| वातावरण उर्जा तथा जलवायु परिवर्तन | ४६७८०६७.४८ | ग ३ स्थानीय निकाय धरौटी खाता | २५७४७०६.५२ |
| धरौटी (डिलिप) | ३२६४०५९.५२ | पूर्वाधार सडक मर्मत संभार कोष | ११८८९५९.०० |
| नेपाल सरकारको अनुदान | १८४७४८७६४.३८ | कर्मचारी कल्याण कोष खाता | १५४२८६५.४५ |
| जि.वि.स. अनुदान (चालु) | ५०८८४०७३.९८ | प्रकोप व्यवस्थापन विषेश कोष खाता | १३०३५३९.०० |
| गा.वि.स. अनुदान (चालु) | १३३८६४६९०.४० | वातावरण व्यवस्थापन विशेष कोष | ७१२२५.०० |
| आन्तरिक श्रोत: | १४०६८७२५.४१ | स्थानीय विकास विशेष कोष | ६६०००.०० |
| क) कर दस्तुर सेवा शुल्क र भाडा | २३५७००५.०० | महिला बालबालिका विशेष कोष | ८६०००.०० |
| ख) राजश्व बाँडफाँडबाट | ११७११७२०.४१ | मानव संशोधन विकास विषेश कोष | ९६४०९.१८ |
| अन्य श्रोत: | ७२२४३५९१.६३ | गरिवी निवारण घुम्टी विशेष कोष | ६६०००.०० |
| ग ३ स्थानीय निकाय धरौटी खाता | १४९३८२०.१९ | उपेक्षित उत्पीडित वर्ग | ३५८९.३५ |
| पूर्वाधार सडक मर्मत संभार कोष | ५३५०००.०० | भारतीय राजदुताबास | ११७४८९.१० |
| कर्मचारी कल्याण कोष खाता | ३२८६०००.०० | आदीबासी जनजाती | १४८५६.०० |
| प्रकोप व्यवस्थापन विषेश कोष खाता | ९५०००.०० | सल्यान मन्दिर | ११०००.०० |
| वातावरण व्यवस्थापन विशेष कोष | २००००.०० | एमसिपिएम ०६६:६७ | ५६६९.५६ |
| महिला बालबालिका विशेष कोष | २००००.०० | कन्टन्जेन्सी ०६५:६६ | २३८५४.०० |
| मानव संशोधन विकास विषेश कोष | १००००.०० | दलित छात्रवृत्ति | ९०००.०० |

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| सडक बोर्ड नेपाल | २६१००१२.०० | संघिय मामिला संस्कृति मन्त्रालय | ४६६१३.०० |
| चालु तथा पुंजीगतको हि.मि. | २०९४६९९.०४ | पर्यटन बोर्ड | ५०००००.०० |
| पश्चिम नेपाल ग्रामिण खा.पा.चालु | ८८७६४४७.०० | गुनासो व्यवस्थापन | ४३४७.०० |
| पश्चिम नेपाल ग्रामिण खा.पा.पूजीगत | २८००००००.०० | चालु तथा पुंजीगतको हि.मि. | १०९४६९९.०४ |
| विद्युत रोयल्टी पूंजीगत | १२३६००००.०० | पश्चिम नेपाल ग्रामिण खा.पा.चालु | १८५८०३९.४२ |
| वातावरण उर्जा तथा जलवायु परिवर्तन | ५३६०९८०.४० | पश्चिम नेपाल ग्रामिण खा.पा.पूजीगत | ९५३६.०० |
| धरौटी (डिलिप) | ७४८१६३३.०० | विद्युत रोयल्टी पूंजीगत | १२०७७४२४.०० |
| केन्द्रिय राजश्व | ४१११७१२.४७ | वातावरण उर्जा तथा जलवायु परिवर्तन | ४२७९१०२.४३ |
| | | धरौटी (डिलिप) | १०७४५६९२.५२ |
| आन्तरिक आयतर्फको जम्मा | ३१९८४७८३३.५३ | कोषतर्फको जम्मा | ३१९८४७८३३.५३ |
| केन्द्रीय कार्यक्रमतर्फको आय | ४४७४६९८९४.२२ | केन्द्रीय कार्यक्रमतर्फको खर्च | ४४७४६९८९४.२२ |
| **कुल जम्मा** | **७६७३१७७२७.७५** | **कुल जम्मा** | **७६७३१७७२७.७५** |

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | उच्च अदालत | श्री रामेश्वर रेग्मी | श्री कृष्ण प्रसाद आचार्य |
| २. | वागलुङ्ग जिल्ला अदालत | श्री रामवहादुर थापा क्षेत्री | श्री देव शर्मा |
| ३. | पुनरावेदन सरकारी वकील कार्यालय | श्री विश्वराज कोइराला | श्री छविलाल खनाल |
| ४. | जिल्ला सरकारी वकील कार्यालय | श्री रामचन्द्र शर्मा | श्री अर्जुन शर्मा |
| ५. | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री रामजी प्रसाद शर्मा | श्री रामचन्द्र पौडेल |
| ६. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री पूर्णप्रसाद उपाध्याय | श्री यज्ञप्रसाद श्रेष्ठ |
| ७. | घरेलु तथा साना उद्योग विकास समिति | श्री विश्वदिप ढकाल | श्री अर्जुन नेपाल |
| ८. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय | श्री खगेन्द्र भट्टचन | श्री गौरवदास वैरागी |
| ९. | जिल्ला कृषि विकास कार्यालय, | श्री विनोद हमाल | श्री ईश्वर श्रेष्ठ |
| १०. | जिल्ला विकास समिति | श्री भरत गौतम | श्री मार्कन्डप्रसाद बराल |
| ११. | जिल्ला स्वास्थ्य कार्यालय | श्री महेश्वर श्रेष्ठ | श्री सुरेन्द्र आचार्य |
| १२. | जिल्ला शिक्षा कार्यालय | श्री विष्णुप्रसाद मिश्र | श्री रामकृष्ण सापकोटा |
| १३. | जिल्ला तथ्यांक कार्यालय | श्री मुकुन्दप्रसाद शर्मा | श्री गुरुप्रसाद आचार्य |
| १४. | डिभिजन सडक कार्यालय, | श्री राजेशप्रसाद पौडेल | श्री प्रदिप दोरङ्गा |
| १५. | धौलागिरी बहुमुखी क्याम्पस | श्री आनन्दराज सिलवाल | श्री सुवास आचार्य |
| १६. | धौलागिरी अञ्चल अस्पताल | डा.तरुण पौडेल | श्री धनपति पौडेल |
| १७. | धौलागिरी अञ्चल आयुर्वेद औषधालय | डा.रोजिना ताम्राकार | श्री लक्ष्मीप्रसाद शर्मा |
| १८. | बुर्तिवाङ नयाँ शहर आयोजना | श्री प्रवीणप्रताप अधिकारी | श्री कमलराज पौडेल |
| १९. | सिंचाइ विकास डिभिजन कार्यालय | श्री यामनारायण श्रेष्ठ | श्री कृष्णप्रसाद आचार्य |
| २०. | शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालय | श्री रोशन श्रेष्ठ | श्री कमलराज पौडेल |
| २१. | जिल्ला प्राविधिक कार्यालय | श्री सोमराज तिमिल्सेना | श्री दयाराम शर्मा |
| २२. | जिल्ला हुलाक कार्यालय | श्री बद्रीप्रसाद पौडेल | श्री रामप्रसाद सापकोटा |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np